ehetaudasandesh.com

हेटौंडा राष्ट्रिय दैनिक

२५ औं वर्ष

# सन्देश

प्रदेश "क" वर्ग

Hetauda Sandesh Daily

वर्ष: २५ ॥ अंक: ३३७ ॥ बिहीबार १४ जेठ २०८३ ॥ द्वादशी ॥ ने.सं. ११४६ ॥ अनलाथ्व ॥ Thursday 28 May 2026 ॥ पृष्ठ : ४ ॥ मूल्य: रु.३/-

**सेवाग्राहीमैत्री सेवा, सुशासनको आधार**

❖सेवाग्राहीसँग नम्र, शिष्ट र सम्मानजनक व्यवहार गरौं,
❖सेवा प्रक्रियालाई सरल, छिटो र पारदर्शी बनाऔं,
❖अनावश्यक ढिलाइ र झन्झटबाट मुक्त सेवा प्रवाह गरौं,
❖सूचनाको हक सुनिश्चित गरौं,
❖भ्रष्टाचार र अनियमितता पूर्ण रूपमा निषेध गरौं,
❖गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाऔं,
❖प्रविधिमैत्री सेवा विस्तार गरौं,
❖जवाफदेही र परिणाममुखी कार्यशैली विकास गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

### जाँचबुझ आयोगको प्रतिबेदन

## 'अध्यक्ष कार्कीमाथि पनि छानबिन गर्नू'



सन्देश संवाददाता

हेटौंडा/राष्ट्रिय मानव अधिकार आयोगले गत भदौ २३ र २४ गतेको घटनासम्बन्धि जाँचबुझ आयोगका अध्यक्ष गौरीबहादुर कार्कीमाथि अनुसन्धान गर्न भनेको छ।

आयोगले बुधबार सार्वजनिक गरेको प्रतिवेदनमा जेनजी आन्दोलनका क्रममा उनले दिएको अभिव्यक्तिबाट आन्दोलनकारी उत्तेजित भए, नभएकोबारे सूक्ष्म अनुसन्धान गर्न भनेको हो।

जेनजी आन्दोलनका क्रममा कार्कीले दिएको अभिव्यक्तिको सामाजिक सञ्जाललगायत सार्वजनिक वृत्तमा आलोचना भएको थियो। पछि जाँचबुझ आयोगको अध्यक्ष बनाइएपछि जेनजी आन्दोलनका बेला पूर्वधारणा दिइसकेकालाई जिम्मेवारी दिएको भन्दै राजनीतिक वृत्तबाट पनि आलोचना भएको थियो।

आयोगले पूर्वप्रधानमन्त्री सुशीला कार्की, पूर्वगृहमन्त्री सुधन गुरूङ, ओमप्रकाश अर्याल, सांसदहरू हरि ढकाल, गणेश कार्की, सुलभ खरेल, बब्लु गुप्ता, कृष्ण कार्की, डा तोषिमा कार्कीलगायतको भूमिका रहेको नरहेकोबारे सूक्ष्म अनुसन्धान भनेको छ।

जेनजी आन्दोलनका सन्दर्भमा आयोगले गठन गरेको लिली थापा नेतृत्वको छानिबन समितिको प्रतिवेदनमा पूर्वप्रधानमन्त्री कार्की, पूर्वगृहमन्त्री सुधन गुरूङलगायतले आन्दोलन भड्काउन भूमिका खेलेको, नखेलेकोबारे थप अनुसन्धान गर्न भनेको हो।

'यी व्यक्तिहरूले प्रदर्शन पूर्व, प्रदर्शनका दौरान र प्रदर्शनपश्चात् जेनजी प्रदर्शनका सम्बन्धमा अभिव्यक्ति दिएको भन्ने निजहरूको सामाजिक सञ्जाल, प्रकाशित समाचार र राष्ट्रिय अनुसन्धान विभागले निजहरू प्रदर्शनमा सहभागिता हुन सक्ने भनी संकलन गरेको प्रतिवेदन समेतका आधारमा उल्लेख हुन आएको देखिएको प्रतिवेदनमा उल्लेख छ।

यसैगरी भदौ २३ र २४ गतेको घटनामा भएको मानवीय र भौतिक क्षतिसमेतका कार्यमा निजहरुको संलग्नता रहे नरहेको, निजहरूको अभिव्यक्तिबाट समेत प्रदर्शनकारीहरु आक्रोशित र उत्तेजित भई कुनै असर र प्रभाव परे, नपरेको, सार्वजनिक शान्ति र सुव्यवस्थामा खलल् पुग्ने काम निजहरूबाट भए नभएको वा सोको दुरुत्साहन भए नभएको सम्बन्धमा सुक्ष्म अनुसन्धान गरी सम्बन्धित व्यक्ति तथा आमनाग-रिकलाई सुसुचित गराई उल्लिखित व्यक्तिहरुको स्वच्छ सुनुवाईको हक अधिकारको सुनिश्चतता सहित अनुसन्धान गरी दोषी देखिए कारबाही गर्न,' प्रतिवेदनमा भनिएको छ।

## क्यान्सर अस्पतालमा औषधि अभाव

सन्देश संवाददाता

हेटौंडा/क्यान्सरको उपचार गर्ने नेपालकै ठूलो बीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा क्यान्सरको औषधि अभाव भएको छ। विश्वव्यापीरुपमा प्रभावित भएका क्यान्सर उपचारका केही औषधि नै अभाव भएका हुन्।

अस्पतालको मेडिकल अङ्कोलोजी विभागका प्रमुख डा गुरुशरण साहकाअनुसार हाल विश्वव्यापीरूपमा क्यान्सर उपचारमा प्रयोग हुने महत्वपूर्ण औषधिहरूको अभाव देखिएको छ। बीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा पनि यसको प्रत्यक्ष असर परेको उनले बताए। उनले भने, "औषधिको अभावले केमोथेरापीको प्रभावकारिता घट्ने मात्र नभई, बजारमा हुने अवैध ओसार पसार र गुणस्तरहीन औषधिको प्रयोगले बिरामीको स्वास्थ्यमा गम्भीर जोखिम निम्त्याइरहेको र हाल विशेषत: कार्बोप्लाटिन र सिसप्लाटिन औषधि अभाव देखिएको डा साहले बताए।

## मानव अधिकार मानवता जोगाउने अभियान हो : प्रदेश प्रमुख



सन्देश संवाददाता

हेटौंडा/राष्ट्रिय मानव अधिकार आयोगको २६ औं वार्षिकोत्सवका अवसरमा आयोजित विशेष कार्यक्रममा दीपकप्रसाद देवकोटाले मानव अधिकारको सम्मान र सामाजिक न्याय नै समृद्ध तथा सभ्य राष्ट्रको आधार भएको बताएका छन्।

"जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार दीगो शान्ति र समृद्धिको आधार" भन्ने नारासहित आयोजित कार्यक्रममा प्रदेश प्रमुख देवकोटाले शक्तिशाली राष्ट्र केवल भौतिक पूर्वाधारले नभई मानवताको सम्मानले निर्माण हुने धारणा व्यक्त गरे।

उनले "समृद्ध समाज भौतिक पूर्वाधारले होइन, न्यायले चिनिन्छ, सभ्य देश त्यो हो जहाँ सबैभन्दा कमजोर नागरिकले पनि आफू सुरक्षित महसुस गर्छ" भन्दै मानव अधिकार प्रत्येक नागरिकको जन्मसिद्ध अधिकार भएको उल्लेख गरे। शिक्षा, स्वास्थ्यलगायतका आधारभूत अधिकार बाट कुनै पनि नागरिक वञ्चित हुन नहुने उनको भनाइ थियो।

महिला हिंसा, विभेद तथा अन्यायका घटनाले केवल एक व्यक्तिलाई नभई समग्र राष्ट्रको आत्मालाई आहत बनाउने उल्लेख गर्दै उनले मानव अधिकारको संरक्षण लाई मानवता जोगाउने अभियानका रूपमा लिनुपर्ने औंल्याए।

विश्व तीव्र परिवर्तनको यात्रामा रहेको र सामाजिक सञ्जाल तथा एआईको प्रयोगसँगै मानव अधिकार उल्लंघनका स्वरूप परि-वर्तन हुँदै गएको भन्दै उनले नयाँ चुनौतीप्रति सचेत रहन आग्रह गरे।

कार्यक्रममा आयोगप्रति आभार व्यक्त गर्दै प्रदेश प्रमुख देवकोटाले आयोग विगत २६ वर्षदेखि पीडितको आवाज सुन्ने, अन्याय विरुद्ध उभिने र मानवताको पक्षमा दृढतापूर्वक बोल्ने संस्थाका रूपमा स्थापित भएको बताए।

कार्यक्रममा आयोगको बागमती प्रदेश कार्यालयका निमित्त प्रमुख चन्द्रकान्त चापागाँईले आर्थिक वर्ष २०८२/८३ मा हालसम्म विभिन्न विषयमा १९ वटा उजुरी दर्ता भई गहनरुपमा अनुसन्धान भइरहेको जानकारी दिए।

उनका अनुसार आयोगमा हाल मौजुदा ५२० उजुरीसहित कुल ५३९ उजुरी दर्ता भएका छन्। यस अवधिमा ६६ जना सेवाग्राहीलाई परामर्श सेवा प्रदान गरिएको छ, जसमा ४६ पुरुष, १९ महिला र १ जना यौनिक तथा लैंगिक अल्पसंख्यक रहेका छन्।

त्यसैगरी २ जना महिला र १ जना बालकलाई स्थानीय प्रहरी प्रशासन, सञ्चारकर्मी तथा अधिकार कर्मी संस्थासँगको समन्वयमा पुन:स्थापना गरिएको जानकारी पनि कार्यक्रममा दिइयो। कार्यक्रममा खुबिराम अधिकारीले मानव अधिकार संरक्षणका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताए।

उक्त कार्यक्रममा कृष्णबहादुर शाही, रमिला सापकोटालगायत विभिन्न सामाजिक संघ/संस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको मानव अधिकार अधिकृत कृष्णप्रसाद मिश्रले जानकारी दिए।

## निजी अस्पतालमा स्वास्थ्य बीमा रोकियो

सन्देश संवाददाता

हेटौडा/स्वास्थ्य बिमा बोर्डले बढ्दो वित्तीय सङ्कटलाई कारण देखाउँदै निजी स्वास्थ्य संस्थाहरूमा आकस्मिकबाहेकका सबै स्वास्थ्य बिमा सेवा स्थगित गर्ने निर्णय गरेको छ।

बोर्डले जेठ १६ गतेदेखि लागू हुने गरी उक्त निर्णय कार्यान्वयनमा ल्याउने जनाएको छ। बोर्डकी निमित्त कार्यकारी निर्देशक शकुन्तला प्रजापतिद्वारा जारी सूचनामा जेठ ११ गते बसेको बोर्ड बैठकले यस्तो निर्णय गरेको उल्लेख छ।

सूचनामा भनिएको छ, "स्वास्थ्य बिमा बोर्डको वित्तीय संकटलाई मध्यनजर गर्दै अर्को निर्णय नभएसम्मका लागि नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध निजी स्वास्थ्य संस्थाबाट प्रदान गरिने आकस्मिक सेवाबाहेकका अन्य स्वास्थ्य बिमा सेवाहरू मिति २०८३ साल जेठ १६ गतेदेखि लागू हुने गरी स्थगन गर्ने निर्णय भएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।"

यो निर्णयसँगै नेपालका निजी अस्पताल तथा मेडिकल कलेजमार्फत स्वास्थ्य बिमा सेवा लिँदै आएका सर्वसाधारण प्रत्यक्षरूपमा प्रभावित हुने भएका छन्। आकस्मिक सेवा भने यथावत् सञ्चालनमा रहने बोर्डले जनाएको छ।

बोर्डले पछिल्लो समय बढ्दै गएको बिमाको दायित्व रकम र स्रोत अभावका कारण भुक्तानीमा समस्या भएको कारणले यस्तो कदम चाल्नु परेको स्पष्ट पारेको छ। अर्को निर्णय नभएसम्मका लागि यो व्यवस्था कायम रहने जनाइएको छ।

सरकारको स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध निजी स्वास्थ्य संस्थाबाट नियमित उपचार सेवा लिँदै आएका बिरामीहरू अब सरकारी स्वास्थ्य संस्थातर्फ केन्द्रित हुनुपर्ने बोर्डले जानकारी गराएको छ।

## हेटौंडाको शैक्षिक महोत्सव भब्य



सन्देश संवाददाता

हेटौंडा/'प्रविधिमैत्री गुणस्तरीय शिक्षाका लागि लगानी अभिवृद्धि गरौं' भन्ने मूल नारासाथ हेटौंडा उपमहानगरपालिका वडा-४ मा बृहत् चौथो शैक्षिक महोत्सव-२०८३ सम्पन्न भएको छ। वडा कार्यालयको आयोजना तथा शैक्षिक गुणस्तर सुधार समिति हेटौंडा-४ को व्यवस्थापनमा रोयल पार्टी प्यालेसमा आयोजित महोत्सवमा नगरभित्रका ३५ वटा विद्यालयहरुको उत्साहजनक सहभागिता थियो।

विद्यार्थीहरुको अन्तर्निहित प्रतिभा प्रस्फुटन गराउने र डिजिटल युगअनुकूलको शिक्षामा जोड दिने उद्धेश्यले आयोजित महोत्सवमा विभिन्न तीन विधाका प्रतियोगिता मुख्य आकर्षणका रुपमा थिए। विहान ७:३० बजे सुरु भएको चित्रकला प्रतियोगितामा २६ वटा विद्यालयका बाल कलाकारहरुले क्यानभासमा आफ्ना कल्पनाशिलता उतारेका थिए। विहान ९ बजे उद्घाटन गरिएको विज्ञान सामग्री प्रदर्शनीमा २० वटा विद्यालयका विद्यार्थीहरुले आआफ्ना नवप्रवर्तनात्मक वैज्ञानिक आविष्कार र सामग्रीहरु प्रदर्शन गरेर अवलोकन-कर्ताहरुलाई मन्त्रमुग्ध पारेका थिए।

महोत्सवको अर्को आकर्षक पाटोका रुपमा रहेको नृत्य प्रतियोगितामा ३० वटा विद्यालयका विद्यार्थीहरुले उत्कृष्ट सांस्कृतिक तथा आधुनिक प्रस्तुतिहरु दिएका थिए। विहानदेखि बेलुका ५ बजेसम्म सञ्चालन भएको महोत्सवमा शिक्षक, अभिभावक, विद्यार्थी तथा स्थानीय नगरबासीको उपस्थिति थियो।

कार्यक्रमबारे जानकारी दिँदै वडा अध्यक्ष नवीन सिग्देलले शिक्षाको गुणस्तर सुधार्न र विद्यार्थीहरुलाई प्रविधिसँग जोड्न वडा कार्यालयले लगानी बढाउँदै लगेको र आगामी दिनमा पनि यस्ता रचनात्मक कार्यक्रमलाई निरन्तरता दिइने बताए।

## आवश्यक सतर्कता अपनाउन आग्रह



सन्देश संवाददाता

हेटौंडा/देशका विभिन्न क्षेत्रमा मेघगर्जन, चट्याङसहित तीव्रगतिको हावाहुरी चल्ने सम्भावना बढिरहेको अवस्थामा हेटौंडा उपमहानगरपालिका कार्यालयले मकवानपुरबासीलाई आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ। मौसमको प्रतिकूल अवस्थाले धनजनको क्षति हुनसक्ने भन्दै उपमहानगरपालिकाले जरुरी सूचना जारी गरेको हो।

जारी सूचनाअनुसार हावाहुरी सुरु हुनुअघि घरबाहिर रहेका उडाउन सक्ने सामानहरु सुरक्षित स्थानमा राख्न, कौसी, बार्दली तथा आँगनका सामग्री बाँधेर सुरक्षित गर्न र घरका झ्यालढोका मजबुतरुपमा बन्द गर्न अनुरोध गरिएको छ। हावाहुरी चलिरहेको समयमा अत्यावश्यक कामबाहेक घर बाहिर वा खुला स्थानमा ननिस्किन, रुख, बिजुलीका पोल, होर्डिङ बोर्ड तथा कमजोर संरचनाको ओत नलिन उपमहानगरपालिकाले सचेत गराएको छ। यात्रा गरिरहेका सवारीचालकलाई सुरक्षित स्थानमा गाडी रोकी भित्र बस्न तथा चट्याङको जोखिमलाई ध्यानमा राख्दै विद्युतीय उपकरणहरुको प्लग निकाल्न पनि आग्रह गरिएको छ।

हावाहुरीपछि जमिनमा खसेका वा चुँडिएका बिजुलीका तार नछुन तथा त्यस्ता अवस्थाबारे तत्काल विद्युत् प्राधिकरणलाई जानकारी गराउन भनिएको छ।

छिमेकमा कसैलाई चोटपटक लागेको अवस्थामा सुरक्षितरुपमा प्राथमिक उपचार गर्न वा नजिकको स्वास्थ्य संस्थामा पुऱ्याउन अनुरोध गरिएको छ। उपमहानगरपालिकाले आपत्कालीन अवस्थामा नजिकको प्रहरी कार्यालय वा इमर्जेन्सी नम्बर १०० मा सम्पर्क गर्न आग्रह गरेको छ।






**उखान:** शहर र गाउँमा दुई फरक छन्।

॥ ॥ बेलाको बोली ॥ ॥


जंगलमा दुई बाटो छुट्टिएका थिए, मैले सबैभन्दा कम हिडिने बाटो रोजे र यसले नै मेरो सबै थोक बदलि दियो। - *रोबर्ट फ्रष्ट*

सम्पादकीय

मकवानपुरमा आज

जानकारीमा नआएको।

# मानव जीवनमा मेथिको महत्व



✍ **केशव प्रसाद खरेल**
(अधिबक्ता) उपप्राध्यापक



हाम्रो खानामा हरियो सागसब्जिको ठूलो महत्व छ। वैज्ञानिकहरूका विचारअनुसार हरेक पातहरू विरूवामा क्लोरोफिल नामक तत्व पाईन्छ, जुन तत्वले किटाणुहरूलाई नष्ट गर्दछ। क्लोरोफिलले सड्नवाट बचाउँदछ। यसमा प्रोटिन पनि पाइन्छ। हरियो सब्जिमा फलामको तत्व पाइन्छ। जसले पाण्डु रोग तथा शारीरिक कमजोरी लाई हटाउँदछ।

यसमध्ये एक हो मेथि। मेथिलाई सुकाएर पनि राख्न सकिन्छ। मेथिको दानालाई औषधिको रूपमा पनि प्रयोग गर्न सकिन्छ। हरेक समय मेथिको प्रयोग गर्न सकिन्छ। मंसिरदेखि माघसम्म यसको खेति गर्न सकिन्छ। कमलो मेथिको पातमा कडवी कम हुन्छ। मेथिको तरकारी मिठो, गरम, पित्तबर्धक, ज्यादा भोक लाग्ने, पच्नमा ज्यादै सजिलो, हृदयको लागि हितकर र बलवान हुन्छ। सुकेको मेथि भिजाएर खानाले ठण्डा हुन्छ। वायुको गतिलाई ठीकसंग राख्दछ।

यसले सुत्केरी महिलालाई उपयोगि, वायु बढी चल्ने, कफको रोगिलाई बढि उपयोगी हुन्छ। मेथिले ज्वरो, खाना मन नलाग्ने, उल्टी हुने, खाँसी, बाथरोग, वायु कफ आदिका लागि एकदम् फलदायकको रूपमा काम गर्छ। मेथि पौष्टिक खाना हो साथै रगतलाई सफा पार्न पनि मद्दत गर्दछ। यसले शुल, वायुगोला, सन्धिवात, ढाडको दु:खाई कम, सारा शरीरको दु:खाई कम गर्ने, मधुमेह रोगीलाई, निम्नरक्तचापका लागि एकदम उपयोगि सावित छ। आमाहरूले दुध बढाउन चाहँदा मेथिको प्रयोग पनि गर्न सक्दछन्। शरीरलाई स्वस्थ बनाउँदछ।

***मेथिको प्रयोग कसरी ?***

(१) **कब्जियत:** कफ दोषबाट उब्जिएको कब्जियतको लागि मेथिको तरकारी संधै खानाले फाइदा नै गर्दछ। रसभएको तरकारी हुनु पर्दछ।
(२) **बवासिर:** प्रतिदिन मेथिको सब्जिको तरकारी खानाले वायु, कफमा फाइदाजनक नै हुन्छ।
(३) **बहुमुत्रता:** कसै कसैलाई १/१ घण्टामा पिसाव फेर्न जानुपर्ने हुन्छ। पिसावसम्बन्धि रोग लाग्न सक्छ। मेथिको तरकारीमा १०० मिलिलिटर रसमा डेढ ग्राम कत्था तथा तीन ग्राम मिश्री मिलाएर प्रतिदिन खानाले रोग निको हुन्छ।
(४) **मधुप्रमेह :** प्रतिदिन बिहान सबेरै उठेर मेथिको १०० ग्राम रसमा सक्खर पनि मिसाएर सेवन गर्नु पर्दछ। खानामा विशेष गरी रोटी, भात, घ्यू तथा तेलयुक्त चीज खान हुँदैन। यति चीज नखाने हो भने चाडै लाभ हुन्छ।
(५) **निम्न रक्तचाप :** जसमा निम्न रक्तचापको समस्या छ, उसले तरकारीमा गरम् मसला हालेर खानाले लाभदायक नै हुन्छ।
(६) **कृमि :** बच्चाहरूको पेटमा कृमि रोग लाग्दा २ चम्चा निमको रस दिनदिनै खुवाउनाले सुधार भएर आउँदछ।
(७) **वायुको दर्द :** दैनिक सुखा तथा हरियो मेथि खानाले शरीरको ८० प्रतिशत वायुको रोग निको पार्न सहयोग पुग्न जान्छ।
(८) **आँव भएपछि :** मेथिको तरकारीमा ५० मिलिलिटर रसमा ६ ग्राम मिश्री हालेर सेवन गर्नाले लाभ नै हुने गर्दछ। ५ ग्राम मेथिको पाउडरमा १०० ग्राम दहीको साथ सेवन गर्नाले शरीर स्वस्थ हुन्छ। अमिलो दही त हुन हुँदैन।
(९) **वायुको कारणवाट हुने हात र गोडाको समस्या :** मेथिको दानालाई पिठो बनाएर प्रत्येक दिन थोरै थोरै खानाले राम्रो भएको महशुस हुन्छ।
(१०) **गर्मीमा लु लाग्ने अवस्थामा:** मेथिलाई ठण्डा पानीमा भिजाएर छानीसकेपछि सक्खरमा मिलाएर खानाले लु बाट बच्न सकिन्छ।

आत्माका प्रकारहरु ?
क) देवात्मा, धर्मात्मा, महात्मा, पुण्यआत्मा, पापआत्मा। शिववावा परमपिता सर्वोच्च हुनुहुन्छ। आत्माको पिता परमपिता हो। तीनवटा लोक रहेको अवस्था।

**मनुष्य लोक र कर्मक्षेत्र:**

सुक्ष्मलोकमा आवत जावत हुँदैन। ईशारामा काम हुन्छ। परमात्मामा प्रकाश हुन्छ। परमात्मा लाई निर्वाण वा मुक्तिधाम भनिन्छ। परमात्माले ब्रम्हा, विष्णु, शंकरको माध्यमबाट कार्य गर्नु हुन्छ। बेलपत्रमा तीन पात हुन्छन। बेलपत्रको तीनपात भन्नाले ब्रम्हा, विष्णु, शंकरको बोध हुने गर्दछ। डुंठको अर्थ परमपिता शिव बाबाको बोध हुन्छ। जुन अदृष्यको रूपमा रहनु हुन्छ। शिवलिंगमा तीन धर्सा जुन देखाइएको छ, तीन धर्साको बिचमा जुन विन्दु समावेस गरिएको छ। तीन धर्साको अर्थ ब्रम्ह, विष्णु तथा शंकरको बोध हुन्छ भने बिन्दुको अर्थ हो, परमपिता शिववावा। भगवान मानवको रूपमा आउनु हुँदोरहेछ।

जसअनुसार ब्रम्हको १ मुखले ज्ञान दिने। चारमुखले ४ युगको बोध हुंदो रहेछ। दिनेवालालाई भगवान र लिनेवालालाई राक्षसको संज्ञा दिईन्छ। परमात्मा आफ्नो कार्य पुरा गर्नका लागि अर्काको शरीरमा प्रवेश गर्नु हुन्छ। आजभन्दा ८० वर्ष अगाडि भगवान यस धरतीमा आउनु भएको हो। ऊ शान्तीले प्रतिपादन गरेका विचार अहिले आएर १४६ राष्ट्रमा फैलिएको अवस्था छ। ब्रम्ह बाबा सन् १८७६ मा वैष्णव परिवारमा जन्मिनु भएको हो। उहां नारायणको परम भक्त हुनुहुन्थ्यो।

उहाको जन्मको केही समयपछि आमा बित्नु भयो। बुवा कुनै विद्यालयको हेड सर हुनु भएको थियो। उहांको स्वभाव ज्यादै उपकारीको रूपमा रहेको थियो। केही समय काकाको घरमा बस्नु भयो। काका गहुंको व्यापारी थिए। बाबाको हिरा व्यापारीसंग चिनाजान भयो। केही समयदेखि हिराको व्यापार गरेर बस्नु भयो। संधै गीता पाठ गरेर खाने उहांले १२ जना गुरू बनाउनु भयो।

उहां नारीप्रति सम्मान व्यक्त गर्नुहुन्थ्यो। उहांमा हिराको व्यापार छोडेर ज्ञानको व्यापार गर्ने सोचको विकास भयो। उहांलाई श्रीकृष्णको साक्षात्कार भयो। लुकी लुकी गहुं किन्न आउनेलाई बढी दिन थालेको देखेर घरकाले गाली गर्न थाले। उहांको ९३ वर्षको उमेरमा निधन भयो। उहांको चेलाको नाम हो दादीची। उहांलाई सबै ज्ञान दिएर बिदा लिनुभयो र अन्तिम वाक्य थियो "अच्छा वच्चे बिदाई।"

लक्ष्मी र नारायणको संयुक्त रूपलाई विष्णु भनिन्छ। राधा र कृष्णको स्वयंवर भएपछिको अवस्थालाई लक्ष्मी र नारायण भनिएको अवस्था हो। २ हात लक्ष्मीको र २ हात नारायणको मिलाएर एउटा शरीरको निर्माण गरिएको छ। शंखबाट शुद्ध वाणी निस्कने, मयुरवाणी हुने। देवता प्राप्त गर्न सात्वीक भोजन गर्नुपर्ने। चक्रको आसय आफूले आफैलाई हेर्नुपर्ने। गधालाई विजयको प्रतिकको रूपमा लिन सकिने। मनको विकार हटाउन सहयोग पुग्न जाने। कर्म अनुसारको फल प्राप्त हुने। मानिसको मृत्यु भएपछि मानिसको रूपमा नै जन्म लिन्छ। स्वर्गलाई शिवालय भनिन्छ। नारायणलाई सूर्य वंशी भनिन्छ। सत्ययुगमा मानिसको आयु १५० वर्षको हुन्थ्यो। स्वर्गमा कोही पनि रूदैन थिए। शारीरिक सम्पर्कबाट होइन की योगको माध्यमबाट बालकहरू जन्मन्थे।

त्रेतायुगमा रामचन्द्रको चन्दवंशीको शासन व्यवस्थामा नारायणलाई सूर्यसंग तुलना गरिएको छ। नारायणको १६ कलाहरु थियो भने रामको १४ कला मात्र थियो। यस युगमा मानिसहरूको आयु १२५ वर्ष मात्र भएको। मयुरको प्वाख चोखो भएको। श्रीकृष्णको श्रीपेजमा मयुरको प्वाँख राखिएको। किनभने मयुरले संभोग नगरी वच्चा जन्माउँदछ। भाले नाचेको अवस्थामा उसको आँखावाट पातमा आंसु झर्दछ। त्यही आँसु पोथीले खाएपछि बच्चा जन्मिन्छ।

द्वापरयुगमा आएर ८ कलाको मात्र विकास भएको देखिन्छ। यस युगमा २१ पटकसम्म मात्र जन्म मरण हुनेछ। त्यसपछि विकारहरू आउन थाल्नेछ। राजाविक्रमादित्यले सोमनाथको मन्दिर बनाएका थिए। द्वापर युगमा मात्र लेखन कार्य थालिएको हो। कलियुगसम्म आइपुग्दा हरेक धर्ममा तमोगुणले ढाक्न थाल्यो। क्षेत्रीहरूको १२ कला मात्र भएको जुन त्रेतायुगमा भनिएको छ। द्वापरयुगमा ८ कलाको मात्र विकास भएको। वैश्यहरूमा २१ जन्म हुने अवस्था देखिन्छ। कलि युगमा शुद्रवर्णको उत्पति भएको थियो। यसमा ४२ जन्म हुने अवस्था रहेको छ। शंकर शुक्ष्म लोक निवासी तर शिववावा परमात्मा पर-म्धाम निवासी संसार तल तर, शिव बावामाथि रहनु हुन्छ। संसारलाई भरिपूर्ण तथा सुनौलो बनाउने उहांको इच्छा रहेको अवस्था छ।

त्रेतायुगपछि द्वापर युगमा आउंदा यसमा हागा फाट्यो। त्यस अवस्थामा इस्लाम, बौद्ध, क्रिश्चियन धर्मको विकास भयो। आफू देवताको रूपमा भएको कुरा सबैले बिर्से। कल्पको अन्तिम रूप पुरूषोतम् युग हो। अहिले आएर कलियुगको अन्तिम अवस्थामा आईपुगेका छौ। सत्ययुगको आयु १०० वर्षको हुनेछ। योग भन्नाले सम्झना हो र जसमा ८ शक्तिहरु रहेका छन्।

सहन शक्ति भन्नाले सामना गर्न सक्ने शक्ति हो (सागरमा विभिन्न ठाउंबाट पानी आएर मिसिन्छ तैपनि कञ्चन नै हुन्छ। सामना भनेको परिस्थितिअनुसार चल्न शक्तिको बोध हुन्छ। सच्चा जीवन बिताउनका लागि ब्रम्हचार्य जीवन, दैवीगुण, शुद्ध भोजन गर्ने, शरीर भनेको आत्माको लुगा हो। शिवबाबाले सवैलाई भाई/भाईको संज्ञा दिनु भएको छ, त्यसैले संसारभर हाम्रो सम्बन्ध भाइ तथा बहिनीको रूपमा रहेको पाईन्छ।

: समाप्त :


---

## तपाईंको आज

| राशि | | राशि | |
|---|---|---|---|
| **मेष** | सहयोगको आशा देखाउनेहरूबाटै धोका पाइएला। व्यावसायिक काममा खर्च बढ्नेछ। अरूका काममा महत्वपूर्ण समय बित्न सक्छ। | **बृष** | आजका योजना पूर्ण कार्यान्वयन नहुन सक्छन्। सोचेको काम समयमा सम्पादन गर्न नसकिने र अवसर फुत्कने सम्भावना देखिन्छ। |
| **मिथुन** | तत्काल लाभ नभए पनि पछिका लागि काम गर्ने समय छ। उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला, कामको चाप बढ्नेछ। | **कर्कट** | सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ। जमघट बढ्नाले आनन्दित भइनेछ। |
| **सिंह** | स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। परिवारजनसँग आत्मीयता बढ्नेछ। परम्परालाई समयसापेक्ष परिवर्तन गर्न सकिने योग देखिएको छ। | **कन्या** | नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन्। श्रमको उचित मूल्यांकन हुनेछ। प्रयत्न गर्दा छोटो समयमै काम बनाउन सकिनेछ। |
| **तुला** | बिगतका निर्णयले काम बिग्रन सक्छ। बेसुरमा वचन दिने बानीले दु:ख पाइनेछ। घर-गृहस्थीमा समस्या आउन सक्नेछ, बाधा पुग्न सक्छ। | **बृश्चिक** | पुरुषार्थी काम प्रारम्भ हुनेछ। दिगो काममा जग बसाउने मौका छ। विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ। भेटघाटले उत्साह जगाउनेछ। |
| **धनु** | सहयोगीहरूले राम्रो साथ दिनेछन्। रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ। उद्योग र व्यापारमा विशेष फाइदाको योग छ। | **मकर** | कामको लागत बढ्नेछ। तत्काल फाइदा उठाउँदा पछिको लाभांश घट्न सक्छ। स्थितिमा सुधार आउनुका साथै विभिन्न अवसरहरु प्राप्त हुनेछन्। |
| **कुम्भ** | प्रतिस्पर्धीलाई पछि पार्न सकिनेछ। आम्दानी बढ्नेछ। विगतका कर्मको उचित प्रतिफल पाइनेछ। व्यवसायमा राम्रो फाइदा उठाउन सकिनेछ। | **मिन** | रमाइलो यात्रा गर्ने साइत जुर्न सक्नेछ। मित्रता र प्रेमको बन्धन कसिनेछ भने अतिथिको रूपमा सत्कार प्राप्त हुनेछ भने धनलाभ हुनेछ। |

**हाम्रो सम्पर्क ठेगाना**
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
बिज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# नक्शाले खोज्दैछ नेपाल



✍ **चेतप्रसाद पौडेल**
(सैपुले साहिंलो)




*दरिद्र हटाइ चरित्र रोज्नुछ ...*
**नेपाली मिलेर नेपाल खोज्नु छ**
-त्रिसत्य महाकाव्य

नेपाल चिनेर नेपालीले सही किसिमले व्याख्या र वर्णनका निमित्त अगाडि सर्नु पर्दछ। त्यसरी अगाडि गएको खण्डमा नागरिकले सही नागरिक बनेको अनुभूति गर्न सक्दछन्। म नेपाली नागरिक हुँ भनेर गर्वचै गर्दछ तर उ आफू बसेको भूगोल संक्षिप्त चिनारी बाहिरी देशका नागरिक समक्ष एक झलक प्रस्तुत गर्न चै असमर्थ हुन्छ भने उसले शिर झुकाउनु पर्दछ। सगरमाथा रहेको देशको नागरिक हुँ म। शिवपार्वतीले शोभित राष्ट्रको नागरिक हुँ म। बुद्धजन्मेको देशको नागरिक हुँ म। बेद उपवेद्, १८ पुराण उपपुराण लेखेर पूर्वीय दर्शन दिएर सुज्ञानद्वारा विज्ञान बनेर सिद्वान्तलाई व्यवहारमा उतार्ने जमर्को गर्नु भएको छ। व्यासद्वारा रचित श्रृर्जना सबैले दरिद्र हटाइ चरित्र निमार्ण गर्ने/गराउने कार्य भएमा ऋषिमुनि-हरुको त्याग र तपस्या समाज उन्नत बनाइ लैजाने योगदान आदिका दृष्टान्त शैन्य शक्तिका प्रतीक मान्न साकिन्छ। यी यस्तै दर्शन दृष्टान्तले शोभित रहनेछ, आजको आलेख।

विश्वको नक्सा ग्लोवल गुगल भूगोल यी सबै निहित रहन्छन्। महादेश महासागर अक्षांश देशान्तर अनि त्योदेश त्योराष्ट्रले चर्चेको भूभाग पर्दछन्। त्योसैलाई सबै माझ प्रस्तुत गर्दैछु। प्रस्तोता बनेर नेपाल राष्ट्रको बारेमा नेपाल विशाल दुई राष्ट्रका माझमा अवस्थित छ। उत्तरतर्फ चाइना छ। विश्वको दोश्रो जनसख्या रहेको समृद्व राष्ट्र चन्द्रमा र मंगल ग्रहमा समेत बर्चश्व जमाउन सफल राष्ट्रको रुपमा चिनारी दिएको पाइन्छ। दक्षिणतर्फमा रहेको भारत विश्वमा बढी जनसंख्या भएको राष्ट्रका रुपमा मात्र होइन, उन्नति प्रगतिमा पनि अगाडि बढिरहेको सशक्त झलक देखाइ रहेको प्रष्ट छ। चन्द्रमा र मंगल ग्रहमा आधिपत्य जमाउने विश्वका ४ (चार) राष्ट्रहरु (१) अमेरिका (२) रुस (३) चाइना (४) भारत पनि पर्दछ। तत्कालीन अवस्थामै प्रधानमन्त्रि मोदीले अबको चन्द्रमा मंगल ग्रहको गमन होइन, अबको गमन हुनेछ आदित्य गमन। सूर्यमा कसरी जाने ? तपाई विज्ञान क्षेत्रमा डटेर रहने वैज्ञानिकहरुलाई सुझाव सहित हौसला पनि प्रदान गर्दछु। राष्ट्रको उचाइ बढाउने कार्यमा विशिष्ट भूमिका निर्वाह गर्नुस्। नेपाल राष्ट्र असाध्य शौभाग्यली भाग्यमानी राष्ट्रका रुपमा विश्वले हेरिरहेको छ।

नेपाल राष्ट्रका छिमेकी उत्कृष्ट विचार विवेकशील छन्, दुबै यी छिमेकी धनका पनि धनी र मनका पनि धनी छन्। अर्काको भूभाग अर्काको सम्पतिमा लालच नगर्ने दुबै छिमेकी कति असल चरित्रवान हुनहुन्छ। यी यस्ता ओजश्वी एवम तेजश्वी शब्दले विश्वमा चर्चा र प्रचार प्रसार हामी नेपाल राष्ट्रमा बसोवास गर्नुहुने सबैको अपूर्व एवम् सुवर्ण मौका हो भन्नु पदर्छ। भारत चाइना दुवैमा हृदयदेखिनै आभार पनि प्रकट गर्दछौं तपाईहरु दुबै छिमकी बौद्विकताको शिखरमा रहनु भएको छ अझ उचाई चुम्नुस्, हाम्रो शुभकामना पनि छ। प्राचीनकालको बृहत (ग्रेटर) नेपाल खोजेका छैन हामी नेपालीले हामीले केवल खोजेका छौ। सन १८१६ को सुगौली सन्धिले छुट्याई दिएको मान-चित्रको भुभाग निर्वाधरुपमा नेपाल राष्ट्रले उपभोग गरोस्। उपभोग गराउन हामी चाइना भारत दुवै सहमत छौं भन्नुस्। तपाई दुबै छिमेकीहरु विश्वमै उत्मुष्ट चरित्र सारथी सिद्ध हुनु हुनेछ। यो सौम्य शक्तिलाई आधार बनाई राष्ट्रको राष्ट्रिय अस्तित्व कायमका निमित्त नेपाल राष्ट्रको आवश्यकतालाई उतार्ने जमर्को गर्दछु।

नेपाल दक्षिण एशियामा अवस्थित राष्ट्र हो। यसको भौगोलिक अवस्थिति अक्षाश:२६ डिग्री २२ मिनेट उत्तरी अक्षाँशदेखि ३० डिग्री २७ मिनेट उत्तरी अक्षांशमा निहित छ। यसैगरी देशान्तर: ८० डिग्री ४ मिनेट पूर्वीदेशान्तरदेखि ८८० डिग्री १२ मिनेट ५ वी देशान्तरभित्र निहित छ।

आकार: आयताकार यो ईट्टा आकारमा छ।
क्षेत्रफल १,४७५१६ वर्ग किलोमिटर (५६.८२७ वर्ग माइल) भौगोलिक विभाजन नेपाल राष्ट्रलाई धरातलीयरुपले विशेष गरेर ३ प्रदेशमा विभाजन गरिएको पाइन्छ। जो निम्न प्रकार छन।

(क) हिमाली प्रदेश: ३००० मिटरदेखि ८८४८.६ मिटरसम्मको उचाई फैलिएको प्रदेशलाई लिइन्छ। यस क्षेत्रले राष्ट्रको करिव १४.३५/भूभाग ओगट्न सफल देखिन्छ। विश्वको अग्लो हिमाल सगरमाथा लगायतका हिमालहरु यसै प्रदेशमा पाउन सकिन्छ।

(ख) पहाडी प्रदेश : नेपालको मध्य भागमा पहाडी प्रदेश पर्दछ। हिमाली प्रदेशबाट दक्षिणतर्फ र तराई प्रदेशबाट उत्तरतर्फमा अवस्थित छ। यस प्रदेशले नेपाल राष्ट्रको ६८ भूगोल ओगट्न सफल देखिन्छ। जनसंख्याको दृष्टिले ५२/२५ प्रतिशत जनसंख्या बसोवास गरेको पाइन्छ।

पोखरा महानगरपालिका पनि यसै प्रदेशको नमूना मानिन्छ। यहांको हावापानी समशितोष्ण खालको पाईन्छ। जाडोमा ठिक्क जाडो र गर्मीमा ठीक्क खालको मौसम पाइन्छ। विशेष गरेर जौ गहुँ आलु मूला स्याउ नास्पाती पाइन्छ। चौरी र भेडापालन कार्यले प्रशस्त कमाई गरेर आनन्दले जीवन गुजार्ने गरेको पाइन्छ। बसोवासका निमित्त नेपाली बनेर सगर्व रहन उत्साहित यो प्रदेशले गर्दछ। यहाँ रोग व्याधी आदिले आक्रमण नगर्ने पनि विश्वास गरिन्छ।

(ग) तराइ प्रदेश : नेपालका ३ प्रदेशहरुमा प्रमुख प्रदेश मानिन्छ तराई प्रदेश। यसले १७.५ प्रतिशत भूभाग ओगटेको छ। यो प्रदेशलाई अन्नको भकारी पनि भनिन्छ। झर्रो शब्दमा भन्ने हो भने अन्नको भण्डार भनिन्छ। तराई प्रदेशलले बाँकी दुई प्रदेशलाई इज्जत बढाउने संज्ञा दिईन्छ।

धान, गहुँ, आँप, कटहर जस्ता अन्न बाली र फलफूल यस प्रदेशमा उत्पादन हुने गर्दछ। नगदे बालीमा उखु, कपास, जुट, सनपाटलगायतका वस्तुहरु प्रशस्त मात्रामा लगाईने चलन छ। पहाड घर हो हिमाल छानो हो भने तराई घरको आँगन हो भनिन्छ। नेपालीमा एउटा गीत पनि प्रख्यात छ। "तराई बतास चले पहाडले छेक्नु पर्छ, हिमालमा चिसोबढे तराईले सेक्नु पर्छ, यी र यस्ता सौम्य शक्तिका प्रतीक मानिन्छन्।

जसरी निरोगी शरीरमा कहीं कतैबाट चोटपटक नलागि जीवन बिताउंछ भने स्वास्थ्य जीवन भनिन्छ। त्यसरी नै नेपाल राष्ट्रको नक्सामा अंकित भूभाग कसैले जानेर अथवा नजनेर अपचलन गर्नु भएको भएमा चलन गर्नेले पनि ससम्मान फिर्ता गर्नु पर्दछ। लिनेले पनि आफ्नो नक्साभित्रको भूगोल १ इञ्च पनि छोड्नु हुँदैन आआफना मर्यादा सीमा नाध्नु हुँदैन, लक्ष्मण रेखा अर्जुनदृष्टि यो सारथीको कर्तव्य म सानो छंदा ताकाको अवस्थामा आमा जसोदादेवी पौडेल र पिताजी लालप्रसाद पौडेलले बशुधैव कुटुम्बकम्को सिद्वान्त याद गर्नलाई प्रेरित गरिरहुनु हुन्थ्यो। काण्ठस्थ पार्न लगाउनु हुन्थ्यो।

अतिथि देवो भव : मातृ देवो भव :
आचार्य देवोभव : राष्ट्र देवो भव :

पाहुना, आमा, गुरु र राष्ट्रलाई देवता समान मानेर आदर सत्कारसहित पुजा अर्चना गर्नु, अनि आफुभन्दा साना नानीबाबुलाईहरुलाई पनि यी कुरा सबैले संधै यदि गर्नु/गराउनु पर्दछ।

जसरी नालापनी युद्धमा ९ (नौ) माहिनाको सुत्केरी, दुधेबालखलाई छातीमा ओड्नेले बांधेर दु:ध चुसाउदै हातमा बन्दुक लिएर बृटिस आर्मी समक्ष लड्न् गएकी थिइन्, ती आमाहरुलाई सलाम सम्मान दिन नबिर्सनु। विपक्षीको गोलीले आमा ढल्दा पनि बच्चाले त्यो स्तनचुसि नै रहेको थियो। राष्ट्रको जगेर्ना सम्पूर्ण राष्ट्रबासीले गर्नु पर्दछ। दायित्व सबैको हो। सारथी नेतृत्व तहमा रहनेले मित्रवत् कुटनीति प्रयोग गरेर पाइला चाल्नु पर्दछ। फुकेर पाइला चलाएमा त्यस कार्यले कालजयी भएर रहन सघाउँछ। स्याल मार्न जानुछ भने बाघ मार्ने सराजाम साथमा लैजानु पर्दछ, त्यसैले सफलताको शिखर चुम्नमा अवश्य संघाउँछ।

नेपालीले नेपाल राष्ट्रको चिनारी दिंदाका अवस्थामा पूर्वतयारी रहन उत्तम मानिन्छ। त्रिसत्य महाकाव्य, चरित्र विज्ञान, लिएर भूईका तमाम मान्छेका गाँस, वास, कपास, शिक्षा र स्वास्थ्यको बारेमा लेखेर ज्ञानको ज्योति छर्न र बुद्धले लुम्बिनीमा जन्मेर विश्वमा नेपाल चिनारी गर्नुभए जसरी। शिवले पुर्वीय दर्शनमा दर्शनको जननी भनेर उत्कृष्ट दिईएको संस्कृति संस्कार सभ्यता आदिलाई चन्द्र/सूर्य अकित ध्वजा बनेर गिनिज बुक रेकर्ड र नासामा फरफराउन सफल भइयो भने विश्वमा सुन्दर शान्त विशाल राष्ट्, यो नेपाल ग्रेटर पावर नै सौम्यशक्ति हुनेछ। यी कुरा ठाउं ठाउंमा गर्नु पर्दछ, जहाँ बसेर कुरा गर्दा पनि नेपाल र नेपालीको हितमा हुनेछ।

*: समाप्त :*

# चिट्ठा

राजेन थुलुङ

कुइरेहरुको भारी बोकेर अधिराज्य घुमियो । न रुपैया समाउन पाइयो न मैया नै हात लाग्यो । आफ्नो खुट्टामा अरु नै उभिए जस्तो लागेर आफु नै उभिन पर्‍यो, भनेर उपियाँ जस्तो यता र उता उफ्रिदा उफ्रिदै दुई बिसा पुग्न लागिसकियो ।

अहिलेसम्म घरजम भा' होइन । अब त कसैको घरमा सगुन लिएर गइयो भने पनि 'मेडिकल रिपोर्ट' र 'पुलिस रिपोर्ट' साथमा लिएर जानुपर्छ । नत्र त बुढो कुमार केटा कन्या माग्न आएको देखेर मान्छेहरुले अड्कल गर्छन् 'यो मान्छेको कि त आनिबानि खराब छ कि त जीउको हावापानी धराप अवस्थामा छ, ।

होइन भने यो बेलासम्म पनि किन चाहंदा चाहदै पनि अकेला छ' भनेर । हुन त धेरै बर्ष पहिला एक बालासँग प्रेमिल संसारको सयर नगरेको कहाँ हो र । तर के गर्नु ? मेरो पिठ्युमा झुण्डिएको दुई वटा जिल्लास्तरीय परिक्षा उतिर्ण प्रमाण पत्रबाहेक अरु शैक्षिक योग्यताको चिनोबानो नदेखेपछि मेरो माया त के छायासम्म पनि आफ्नो दायाँबायाँ पर्न दिएको हैन ।

'घुम्दै जादा कुकुरले पनि मासुको पोको भेट्छ रे' भन्ने सुनेर मेरो मनमा पनि जुक्ति फुर्‍यो । अब नेपालको माटोपानीले मेरो लहना चम्कन्दैन । अब यसलाई नुनिलो पानीले घोटेर झलल पार्ने भनेर समुन्द्र तरियो । यहाँ झन कन्तबिजोग ।

नेपालमा त दुःखसुख जिब्रो रमाउने दानापानी त खान पाइन्थ्यो । यहाँ त रातभरि भूतले झैं काम गर्‍यो, खाने बेला एक डबका नुनपानी झोलमा जरा पलाको भटमासको पाँच दाना, हुइहुइ पौडी खेलिरहेका, नेपालमा बाखाले पनि नखाने काचा झारपात, नाक बन्द गर्दा पनि आँखैबाट गनाउने अचार अपुङ्गो जति भात ।

त्यति भात अप्सनी फाल्दा आधा जान्छ, आधा दाँत मै हराउछ, पेटमा त सम्झना मात्र पुग्छ । त्यति पनि हातले मज्जाले खान पाए त हुन्थ्यो नि दुईवटा सिन्काले खानु पर्दा दाँतबाट पसिना छुट्छ ।

कामको बारेमा त कुरा नगरेकै जाति । मोटरगाडि बनाउने कम्पनि भनेर नेपालमा त फुरुङ्ग भएको मन । यहाँ आएर आरनमा फलाम पिट्दा नेपालमा अनौले उठाउन नसकेका ठेलाहरु उठ्दै फुट्दै गर्छन् ।

पछाडिको हवाइजहाजको जत्रो पंखाले भोक लाग्दै गएपछि मान्छे उडाउला झैं गर्छ पसिना उडाउने हैन । जिउबाट बगेको पसिनाले एक फोक्टा खेतमा रोपाई गर्नै पुग्छ होला । नेपालमा हलो जोत्न अल्छि लाग्दा माछा मार्न कोशीतिर दौडेको सम्झन्छु । यहाँ त काम गरेन, पैसा आएन, पैसा आएन, ऋण घटेन । ऋण तिरेन, छोरा नेपाल फिरेन । घोटिनै पर्‍यो ।

हिजोदेखि हल्का ज्वरो आइरहेको थियो । आज साह्रै भए पछि काममा जान पनि सकिएन । विदेशको ठाँउमा शत्रु पनि बिमारी नहोस् । तातो पानीसम्म खुवाइदिने कोहि छैनन् ।

बगरको मुढा झै लडिरहंदा बिगतका दृष्यहरु आँखाको पर्दामा कुनै मार्मिक चलचित्र झैं बग्न थाले । सानैमा बुबाआमाको प्यार बाट बन्चित हुनु परेको, घरको जिम्मेबारी काँधमा आउदा विद्यालय जाने रहरहरुको घाटी थिचेर हातमुख जोर्न यता र उता भौतारिएको । अब भगवानसँग रिस उठ्यो । मैले जिन्दगीभर कसैलाई नराम्रो वचन गरिन । ढाँटेर छलेर कहिल्यै आफ्नो पेट भरिन ।

कसैलाई दुःख दिएको छैन, न त हात नै बाधेर बसेको छु । फेरि मलाई किन कहिल्यै सुख शान्ति छैन ? पाखुरी बजाएर खाने मान्छेलाई किन यसरी ओछ्यानमा लडाएको ? मनमनै भगवानलाई सोधिरहे । अचानक बिजुली चम्कदा एउटा आकृटि प्रकट भयो र सोध्यो । 'बालक ! भन तिमीलाई के चाहियो 'तपाई को ? यहाँ कसरी ?'

'बालक ! म भगवान हूँ । तिमीले जे नामले पुकारे पनि हुन्छ । म तिम्रो दुःख हरण गर्न आएको । छिट्टो माग के वर माग्छौं ?'

मैले आफैंलाई जमाएर एक चड्कन लगाए । गिदी गनायो त्यति साँघुरो कोठामा पहेल्यै तोरी फूलेको फाँट देखेपछि विश्वास भयो यो सपना हैन । यस्तो समयमा कसले देशमा सुखशान्ति अनि समृद्धि माग्छ र मैले पनि छोटो वर मागे 'पैसा' । 'आजको चिट्ठा तिमी एक्लैलाई भयो ।', यति भनेर भगवान अन्तर्ध्यान हुनुभयो ।

करोडौ डलर बराबरको 'ज्याकपट' मलाई । यति भएपछि के चाहियो ? मेरा चिम्से आँखाले ठूलाठूला भविष्यहरु देख्न थाले । राजधानीको मुटुमा सुविधासम्पन्न भव्य महल, महंगा मोटरकार, घर भरि नोकर चाकर, अप्सराजस्ती जीवनसखी आदि इत्यादि ।

'भगवानले दिदैन, दियो भने दिन जान्दैन' भन्थे हो रहेछ । मेरो ज्वरो कतिखेर चट् भयो पत्तै भएन । सपिंग मल तिर निस्के । महंगा विलासिताको सामानहरु भएको ठाँउतिर निक्कै अल्मलिए । भोलिबाट मैले चाहे भने ति सबै मेरा हुनेवाला थिए । एउटा सय डलर पर्ने वाइन लिएर फर्के । वाइनको चुस्कीसँगै बाकि रहरहरुको लिस्ट बनाउन थाले । कति चाडै दिन ढलेछ मेलै पाइन । साँझ भयो । टेलिभिजनमा चिट्ठाको नतिजा आउने च्यानल लगाए । प्रत्यक्ष प्रसारण शुरु भयो । मेरो ढुकढुकी बड्दै थियो । चिट्ठाको नतिजा आयो, सकियो ।

म पातालभित्र भासिन पुगे । अरु नै छ जनाले ज्याकपटको रकम जति दामसाहीरुपमा बाँडेर लगे । मलाई त केहि पनि बचेन । फेरि भगवानलाई सम्झे । हैट भगवान पनि ॥


## मोटरसाईकल हरायो

**मिति २०८३ वैशाख ०२ गते बेलुकाको करिव ०७:३० बजेको समयमा हेटौंडा-४ स्कुलरोडस्थित स्वास्थ्य मन्त्रालयको अगाडि पार्किङ गरिराखेको मेरो निम्न व्यहोरा भएको मोटरसाइकल हराएको हुनाले पाउनु हुने वा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल दिइएको ठेगाना वा सम्पर्क नम्बरमा जानकारी गराई दिनु भएमा उचित पुरस्कार टक्र्याउनेछु ।**

**सवारी धनीको नाम** : उर्गेन लामा
**ठेगाना** : हेटौंडा-२, मकवानपुर
**सवारी नं.** : बा.प्र.०३-००६प ४१३१ (कालो/रातो २०० सि.सि.पल्सर)
**च्यासिस नम्बर** : MD2A36FXXSCE97026
**इञ्जिन नम्बर** : J1XCSE53913
**सम्पर्क नम्बर** : ९८०९२७०३११


# सगरमाथा आरोहणबाट १ अर्ब ७ करोड

सन्देश संवाददाता

काठमाडौं/हाल विश्वकै अग्लो हिमाल चोमोलुङ्मा/सगरमाथा/एभरेस्ट आरोहण सिजनको अन्तिम अवस्थामा चलिरहेको छ । सन् २०२६ को वसन्त ऋतुको सिजनमा ४ सय ९२ जना पर्वतारोहीले सगरमाथा आरोहणको अनुमति लिएका छन् । ती पर्वतारोहीमा १२ जना नेपाली पर्वतारोही छन् । यस वर्ष सगरमाथा हिमाल आरोहणबाट नेपाल सरकारले १ अर्ब ७ करोडभन्दा बढी सलामीबापत् कमाउने मौका पाएको छ ।



हालसम्म विश्वका धेरै कम मानिसलाई मात्र थाहा छ, सगरमाथाको भविष्य पनि सनैसनै अन्धकारमय हुँदै छ । समुद्री सतहदेखि नाप्दा सगरमाथाले पृथ्वीमा रहेका हजारौं हिमालमध्ये सबभन्दा अग्लो हिमालको रुपमा मान्यता पाएको छ । त्यसैले विश्वका एकसे एक नामुद पर्वतारोहीले सगरमाथा हिमालको शिरमा पाइला राख्ने सपना देख्छन् । मानिसले यस्तो सपना देख्नु अनौठो पनि होइन । खासमा सगरमाथा आरोहण गर्न सक्नु भनेको जुनसुकै देशका पर्वतारोहीका लागि पनि प्रतिष्ठाको विषय हो ।

सरकारले पटकपटक गरेर ४ सय ७६ वटा हिमाल पर्वतारोहीहरुले आरोहण गरुन् भनेर खुला गरेको छ । त्यसो भए पनि बर्सेनि सगरमाथामै पर्वतारोहीहरुको ठूलो भीड हुने गरेको देखिन्छ । यस्तो किन भइरहेको छ त ? सरकारले यसको सटिक एवम् चित्तबुझ्दो जवाफ दिन सक्दैन । हुनसक्छ, सगर- माथा विश्वको एकमात्र अग्लो र आइकोनिक हिमालका रुपमा स्थापित भएकाले प्राय: सबै पर्वतारोहीको आकर्षण सगरमाथामै रहेको होस् । त्यसैले हालसम्म लगभग ९ हजार पर्वतारोहीले १२ देखि १३ हजार पटक सगरमाथा आरोहण गर्न सफल भएका छन् ।

त्यसरी ९ हजार पर्वतारोहीले १२ देखि १३ हजार पटक आरोहण गर्न कसरी सफल भए भन्दा एकै व्यक्तिले आठौंदेखि ३१ औं पटकसम्म सगरमाथा आरोहण गरिसकेका छन् । हुन पनि सोलुखुम्बु जिल्लाको थामे गाउँका कामीरिता शेर्पाले सन् २०२४ को वसन्त ऋतुमा त एकै सिजनमा दुई पटक सगरमाथा आरोहण गरेर २९ औं र ३० औं पटक सगरमाथा आरोहण गरेका थिए भने उनै कामीरिता शेर्पाले सन् २०२५ को वसन्त ऋतुमा ३१ औं पटक सगरमाथा आरोहण गरेर विगतका आफ्नै कीर्तिमान भंग गरेका छन् । हालसम्म सगरमाथा आरोहणको सन्दर्भमा कामीरिता शेर्पाले ३१ औं पटक सगरमाथा आरोहण गरेर दुर्लभ विश्व कीर्तिमान कायम गरेका छन् । सोलुखुम्बुकै पासाङदावा शेर्पाले गत वर्षको वसन्त ऋतुमा २९ औं पटक सगरमाथा आरोहण गरेर दोस्रो धेरै पटक सगरमाथा आरोहीको कीर्तिमान बनाएका छन् ।

भुगर्भविद् एवम् वैज्ञानिकहरुका अनुसार सगरमाथा हिमाल ग्रे लाइमस्टोनले बनेको हो । सगरमाथा १ करोड ५३ लाख वर्षदेखि १ करोड ५९ लाख वर्षअघि उत्पत्ति भएको हो । टेथिस महासागर टेक्टोनिक प्लेट सर्ने/चल्ने क्रममा वा भनौं अपहिभल सिद्धान्तअनुसार सगरमाथा हिमालले हालको रुपमा आकार लिएको हो । हाल अस्तित्वमा नरहेको टेथिस महासागर त्यस बेला हालको एसिया, उत्तर अफ्रिका अनि अरब मुलुक र भारत रहेको क्षेत्रसम्म फैलिएको थियो । ४०-४१ मिलियन वर्षअघि टेथिस महासागर उत्तरतर्फ सर्दैं गएर हालको आल्पस पर्वतमालाका साथै हिमालय पर्वतमाला बनेको हो ।

करिब ८१ मिलियन वर्षअघि हालको भारत ६ हजार ४ सय किलोमिटर दक्षिणाको युरेसिया प्लेटमा थियो । सगरमाथा आरोहणको इतिहास हेर्दा सन् १९२१ सम्म पुग्नुपर्ने हुन्छ । त्यसयता सन् २०२४ को वसन्त ऋतुसम्म नेपाललगायत विभिन्न देशका करिब ८ हजार पर्वतारोहीले १३ हजार बढी पटक आरोहण गरेका छन् । त्यसको खास कारण भनेको एक जना पर्वतारोहीले एकभन्दा बढी पटक सगरमाथा आरोहण गर्नु नै हो । सगरमाथा केवल आरोहीका लागिमात्र आकर्षणको विषय नभएर सगरमाथा आरोहण गर्नुअघि अनुमतिपत्र जारी गरेबापत् कमाइ गर्ने नेपाल सरकारका साथै सगरमाथा आरोहण गराउने विभिन्न पर्वतारोही कम्पनीहरुका लागि पनि धेरै आकर्षणको विषय बनेको छ ।

यसो हुनुको कारण नेपाल सरकारले सगरमाथा आरोहण गर्न आउने विभिन्न देशका पर्वतारोहीबाट ठूलो मात्रामा सलामी दस्तुर संकलन गर्ने गर्छ । विभिन्न देशका पर्वतारोहीहरुलाई सगरमाथा आरोहण गर्न आकर्षित गर्दै विभिन्न सञ्चार माध्यममा विज्ञापन निकालेर आह्वान गर्दै नेपालसम्म ल्याएर सगरमाथा आरोहण गराउने स्वदेशी तथा विदेशी पर्वतारोहण कम्पनीले पनि ठूलो मात्रामा कमाइ गर्ने गरेका छन्, सगरमाथा हिमालबाट । सगरमाथा आरोहीका साथमा जाने कुक, किचेन ब्वाइ, पोष्टम्यान, एल्टिच्युड पोर्टर, सम्पर्क अधिकृत, लुक्ला तथा नाम्चे बजारबाट भारी खेप्ने-बोक्ने याक-नाक र चौंरीको गोठालोसमेत गर्दा कम्तिमा पनि २०/२२ सय जनाले बर्सेनि राम्रै कमाइ गर्ने गर्छन् । नेपाल सरकारले सगरमाथा हिमाल आरोहण गर्न अनुमति जारी गरेबापत् बर्सेनि ६५-६६ करोडदेखि ७५-७६ करोड आम्दानी गरिरहेको देखिन्छ । यसरी हेर्दा केवल एक सगरमाथा हिमालले प्रत्यक्ष एवम् अप्रत्यक्षरुपमा बर्सेनि अर्बौं रकमबराबर विदेशी मुद्रा आयआर्जन गरिरहेको देखिन्छ ।

यसरी सुनको फुल पार्ने कुखुरका रुपमा रहेको सगरमाथा हिमाललाई दीर्घकालसम्म बचाउनका लागि अब हामीले केही न केही गर्न लागिपर्ने कि नपर्ने गम्भीर प्रश्न खडा भएको छ । त्यसैले सगरमाथाको कमाइबाट हामी मक्खमात्र नपरेर सगरमाथा हिमाललाई पछिसम्म बचाइराख्न र सगरमाथाको दीगोपना र दीर्घकालसम्म बचाइराख्नेतर्फ हामीले तत्काल केही कदम चालिहाल्नुपर्ने देखिन्छ । किनभने, सन् २०२२ को फेब्रुअरी ५ मा बीबीसी नेपाली सेवाले आफ्नो अनलाइन संस्करणमा अपलोड/प्रकाशित गरेको रिपोर्टअनुसार सगरमाथाआसपासका हिमनदीमा विगत २ हजार वर्षदेखि जमेर रहेको चट्टानी बरफसमेत केही वर्ष अघिदेखि तीव्रगतिमा पग्लन सुरु भएको भन्ने भनाइ छ । रिपोर्टमा जनाइए अनुसार ७ हजार ९ सय मिटर उचाईमा रहेको साउथ कोल र त्यसवरिपरि रहेको ग्लेसियरको बरफ पग्लिने क्रम पनि ८० गुणाले छिटो रहेको देखाएको छ । यसले गर्दा सगरमाथाको भविष्य बिस्तारै खतरातर्फ धकेलिँदै गएको संकेत गरेको छ । यसको मतलब अब सगरमाथा हिमालको आयु छोटिँदै गएको छ, घट्दै गएको छ भन्ने नै हो ।

केही गरी सगरमाथाको आयु लामो समयसम्म रहेन भने के होला । कथम्कदाचित सगरमाथाको आयु लामो समयसम्म रहे पनि सगमाथामा हिउँ पर्न छाड्यो वा बरफ जम्न छाड्यो भने ढुंगैढुंगा र कडा चट्टानी भीर-पहराको बाटो भएरमात्र सगरमाथा हिमालको शिरमा पुग्न जस्तै मै हुँ भन्ने नामुद पर्वतारोहीलाई पनि धेरै गाह्रो र असम्भवजस्तै हुनेछ ।

यस सम्बन्धमा अघिल्लो वर्षको वसन्त ऋतुमा २९ औं र ३० औं पटक अनि गत वर्षको वसन्त ऋतुमा ३१ औं पटक सगरमाथा हिमाल आरोहण गर्न सफल भएका कामीरिता शेर्पाका अनुसार पहिलेपहिले जुन महिनाको ५-६ तारिखसम्म पनि आइस जमेर धेरै कडारुपमा रहन्थ्यो, आरोहण गर्ने क्रममा हिमबाटो आइस जमेको हुन्थ्यो । जोकोही आरोहीलाई पनि कडा चट्टानी आइसमा गाडेको डोरी आइस स्क्रु निकाल्न गाह्रो हुने गर्थ्यो । हाल मे महिनाको २६-२७ तारिखतिर नै सगरमाथाको क्याम्प-२ मा हिउँ पग्लेर पानीको ससानो खोलाजस्तो बग्न थालेको छ । उक्त कुरा उनले बीबीसी नेपाली सेवासँगको कुरोकानीका क्रममा बताएका थिए । त्यसैले बेला छँदै सगरमाथाको दीगोपना र आयु लामो समयसम्म राख्ने सम्बन्धमा गम्भीर छलफल गरौं । यदि सगरमाथा हिमाल नै रहेन भने केको नाम, केको कीर्तिमान, केको सुकीर्ति । सरकारलाई हुने आम्दानी कता, पर्वतारोहणबाट कमाइ गर्ने व्यवसायी र सगरमाथा आरोहणबाट जीविका चलाइरहेका सरदार, क्लाइम्बिङ गाइड, हाइ एल्टिच्युट पोर्टर, कुक, किचन ब्वाइ, याक, नाक अनि जोप्क्यो धनी, स्थानीय भरियो, ।

# डीडीसीमा सीआईबीको सरप्राइज छापा

काठमाडौं/सरकारी स्वामित्वको दुग्ध विकास संस्थान (डीडीसी) भित्र आर्थिक अनियमितता र व्यवस्थापकीय कमजोरीको आशंकामा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले सर्च अप्रेसन गरेको छ । बुधबार लैनचौर स्थित संस्थानको केन्द्रीय कार्यालयमा सीआईबीको टोलीले सरप्राइज छापा मारेको हो ।

८ देखि ९ जनाको संख्यामा पुगेको सीआईबीको टोलीले कार्यालयमा रहेका ५ जना कर्मचारीका मोबाइल फोनहरु नियन्त्रणमा लिएको छ । संस्थानभित्र हुने आन्तरिक सञ्चार र सम्भावित साँठगाँठबारे अनुसन्धान गर्न मोबाइल जफत गरिएको डीडीसी महाप्रबन्धक डा. श्यामशरण पाण्डेले बताए । तर, आफू मन्त्रालयमा भएका विस्तृत जानकारी भने आफूसँग नरहेको उनले बताए । मोबाइलसँगै टोलीले दूध खरिद-बिक्रीसँग सम्बन्धित महत्वपूर्ण कागजात, मौज्दात विवरण र पछिल्ला तीन वर्षका सञ्चालक समितिका निर्णयका फाइलहरु पनि नियन्त्रणमा लिएको छ ।

डीडीसीले किसानबाट दूध संकलन गरी बजारमा बिक्री गर्दै आए पनि लामो समयदेखि किसानलाई भुक्तानी दिन सकेको छैन । हाल संस्थानले देशभरका किसानलाई करिब ५० करोड भुक्तानी बाँकी छ । एकातिर किसानले पैसा नपाउने र अर्कोतिर संस्थानको आर्थिक अवस्था बिग्रँदै गएपछि सीआईबीले दूध खरिद-बिक्री प्रक्रिया र आर्थिक कारोबारमा कैफियत रहेको आशंकामा अनुसन्धान थालेको हो ।

डीडीसीस्रोतका अनुसार सीआईबीको टोलीले विशेषगरि दूधको खरिद दर, बिक्री परिमाण, मौज्दातको अवस्था र किसानलाई भुक्तानी गर्न बाँकी विवरण मागेको छ । 'सीआईबीले मागेका कतिपय विवरणाहरु हामीले उपलब्ध गराइसकेका छौं र बाँकी फाइलहरु पनि अध्ययनका लागि लैजाने तयारी छ,' संस्थानका एक अधिकारीले बताए ।

# फार्मका ५ हजार २ सय कुखुरा नष्ट

काभ्रे/केही दिनअघि काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरपालिकामा नगरपालिकाले मृत कागमा देखिएको एचनाइन नामक पक्षीजन्य महामारीजन्य रोगबारे सचेत रहन सूचना जारी गरेको थियो । हाल सोही रोग सोही जिल्लाको बनेपास्थित कुखुरा फार्ममा समेत फैलिएको पाइएको छ ।

श्संक्रमण तीव्ररुपमा फैलिएपछि बनेपा नगरपालिका-७ स्थित एक किसानको फार्मका करिब ५ हजार २ सय कुखुरा नष्ट भएका छन् ।

फार्म सञ्चालक पूर्ण मानन्धरका अनुसार अण्डा उत्पादनका लागि पालिएका ४० हप्ताका लेयर्स कुखुरामा संक्रमण देखिएपछि धमाधम मर्न थालेका थिए । केही दिनमै मृत्युदर शतप्रतिशत् पुगेपछि सम्पूर्ण कुखुरा नष्ट भएको उनले बताए ।

'मैले इन्स्योरेन्स (बीमा) पनि गरेको थिइनँ, हाल सबै लगानी शून्यमा पुगेको छ,' मानन्धरले दुःखेसो पोख्दै भने-करिब ६० लाख बराबर क्षति भएको छ । पशु चिकित्सक डा. गणेश बञ्जाराका अनुसार प्रारम्भिक ल्याब रिपोर्टले संक्रमण गम्भीर प्रकृतिको देखिएको छ ।

सामान्यतया यस्तो प्रकारको रोगले उत्पादनमा असर पार्ने भए पनि यसपटक मृत्युदर अत्यधिक देखिएको उनको भनाइ छ ।

'पछिल्लो ल्याब रिपोर्ट हेर्दा मृत्युदर अस्वभाविकरुपमा बढी देखिएको छ,' डा. बञ्जाराले भने-यो सोही प्रकृतिको रोगको नयाँ भेरियन्ट हुनसक्ने आशंका गरिएको छ । संक्रमित कुखुरामा अचानक बिरामी हुने, दाना नखाने, अण्डा उत्पादन घट्ने र छोटो समयमा धमाधम मर्ने लक्षण देखिएको थियो । त्यसपछि किसानहरुले सम्बन्धित निकायलाई जानकारी गराएका थिए ।

रोग फैलिन नदिन पशुप्राविधिक टोलीले निगरानी बढाएको थियो भने किसानलाई जैविक सुरक्षा उपाय कडाइसाथ अपनाउन आग्रह गरिएको थियो । संक्रमणाले थप क्षेत्र प्रभावित गर्न सक्ने जोखिम रहेकाले आसपासका फार्महरुमा पनि सतर्कता बढाइएको छ । महामारीका कारण कुखुरा व्यवसायी त्रसित बनेका छन् ।

# ११ लाखको उत्पादनमा बिगो ७ लाख



तेमाल/काभ्रेपलाञ्चोकको तेमाल गाउँपालिका-१, खानीदोभान क्षेत्रमा राष्ट्रिय वन तथा सार्वजनिक जग्गा अतिक्रमण गरी क्रसर र खानी सञ्चालन गरेको आरोपमा हेन्जेन दोर्जे कम्पनी प्रालि तथा त्यसका सञ्चालक र कर्मचारीविरुद्ध जिल्ला अदालत काभ्रेपलाञ्चोकमा मुद्दा दायर गरिएको छ ।

तर, वनक्षेत्रबाट करोडौं बराबरको ढुंगागिट्टी उत्खनन् तथा बिक्री भएको आरोप लागे पनि अभियोगपत्रमा अत्यन्त न्यून बिगो कायम गरिएको भन्दै स्थानीयले प्रश्न उठाएका छन् । डिभिजन वन कार्यालय काभ्रेपलाञ्चोकले गरेको अनुसन्धान पछि जिल्ला सरकारी वकिल कार्यालयमार्फत् वन ऐन, २०७६ अन्तर्गत् मुद्दादायर गरिएको हो । अदालतमा दायर अभियोग अनुसार कम्पनीले ३.४ हेक्टर राष्ट्रिय वनक्षेत्र अतिक्रमण गरी ३० हजार ४ सय ८८ घनमिटरभन्दा बढी साधारण निर्माणमुखी ढुंगा उत्खनन् गरेको उल्लेख छ । प्रतिवेदनमा पनि त्रुटि भएको स्थानीयले बताएका छन् ।

प्रारम्भिक अनुसन्धान प्रतिवेदनअनुसार उत्खनन् गरिएको सामग्रीको परिमाण १० लाख ७६ हजार ५ सय ६१ स्क्वायर फिट बराबर रहेको उल्लेख गरिएको छ । बागमती प्रदेश सरकारले प्रतिस्क्वायर फिट ९ रुपियाँ मूल्य तोकेको आधारमा पनि कम्पनीले करिब ९६ लाख ८९ हजार रुपियाँ बराबर सामग्री उत्पादन तथा बिक्री गरेको देखिएको स्थानीयको दाबी छ । संघीय कानुनसँग बाझिएको भन्दै अदालतमा दायर अभियोगपत्रमा भने ७ लाख ६२ हजार २ सय २१ रुपियाँमात्र बिगो कायम गरिएको छ ।

यसले अनुसन्धान तथा अभियोजन प्रक्रियामाथि नै प्रश्न उठाएको स्थानीयको भनाइ छ । स्थानीयका अनुसार डेढ वर्षदेखि निरन्तर उत्खनन् भइरहेको भए पनि प्रतिवेदनमा अवधि, उत्खनन्को परिमाण र क्षतिको मूल्यांकन कम देखाइएको छ । मुद्धामा कम्पनीका कर्मचारी किरण लामाब्लोन पक्राउ परेका थिए । जिल्ला अदालत काभ्रेपलाञ्चोकका जिल्ला न्यायाधीश मातृकाप्रसाद आचार्यको इजलासले उनलाई २० हजार धरौटीमा रिहा गर्ने आदेश दिएको छ । काभ्रेपलाञ्चोक पाँचखाल नगरपालिका-१३ निवासी ३१ वर्षीय ब्लोन कम्पनीमा लेखापालका रुपमा कार्यरत् रहेको बयानमा उल्लेख छ । उनले आफू सञ्चालक नभइ कर्मचारीमात्र भएको बताएका छन् ।

उनका अनुसार उद्योगबाट दैनिकरुपमा रोडा, चिप्स र डस्ट उत्पादन हुने गरेको थियो । उत्पादन भएको सामग्री विभिन्न व्यक्ति तथा कम्पनीलाई बिक्री गरिन्थ्यो भने त्यसको आर्थिक कारोबार कम्पनीकै नाममा हुने गरेको उनले बयान दिएका छन् । यस प्रकरणमा कम्पनीका सञ्चालक तेमाल-२ का शान्ति लामा, शंकरमान तामाङ तथा पाँचखाल-११ का मुकेश भनिने रामजी पन्त फरार छन् । उनीहरुविरुद्ध पक्राउ पुर्जी जारी भए पनि हालसम्म पक्राउ परेका छैनन् ।

अनुसन्धान टोलीले तयार गरेको प्रतिवेदनअनुसार कम्पनीले आफ्नो इजाजत प्राप्त क्षेत्रभन्दा बाहिर गइ राष्ट्रिय वन र सार्वजनिक जग्गामा क्रसर तथा खानी सञ्चालन गरेको पाइएको छ । स्थलगत् निरीक्षण, फिल्ड नापजाँच तथा अध्ययनपछि नक्सा सिट-१५७१५३८ अन्तर्गत् किनं ६३ र १६३ भित्र पर्ने ३.४ हेक्टर वनक्षेत्र अतिक्रमण भएको पुष्टि भएको प्रतिवेदनमा उल्लेख छ । डिभिजन वन कार्यालय, नापी कार्यालय र सुरक्षा निकायको संयुक्त टोलीले गरेको अनुगमनका क्रममा क्रसर मेसिन, स्काभेटर, हवील लोडर, ट्रिपर तथा ट्यांकर गरी ७ वटा सवारीसाधन नियन्त्रणमा लिइएको छ । उद्योग सिल गरिएको वन कार्यालयले जनाएको छ ।

तेमाल गाउँपालिका-१ का वडा अध्यक्ष इन्द्रबहादुर अधिकारीका अनुसार २०८१ असोज ११ र १२ गतेको बाढीअघि उद्योग झिकु खोलाको किनारमा निजी जग्गामा सञ्चालनमा थियो । बाढीले उद्योग रहेको क्षेत्र बगाएपछि उद्योगलाई खहरे दोभानस्थित सरकारी तथा वनक्षेत्रमा सारेर सञ्चालन गरिएको आरोप छ । स्थानीयका अनुसार उद्योग सञ्चालनका कारण तल्लोतटीय क्षेत्रका खेतबारिमा क्षति पुगेको, खोलाको बहाव परिवर्तन भएको, पानीका मुहानमा असर परेको तथा धुलो र ध्वनि प्रदुषण बढेको छ । उनीहरुले करिब ४ सय घरधुरी जोखिममा परेको दाबी गरेका छन् ।

वन ऐन, २०७६ अनुसार राष्ट्रिय वनक्षेत्र अतिक्रमण, वन पैदावार नष्ट तथा अवैध उत्खनन् गर्ने व्यक्तिलाई ५ वर्षसम्म कैद, बिगोबराबर जरिवाना तथा क्षतिपूर्ति भराउने व्यवस्था छ । डिभिजन वन कार्यालय काभ्रेपलाञ्चोकका प्रमुख केबी थापाले प्रारम्भिक अनुसन्धान बाट वन अतिक्रमण पुष्टि भएको बताए ।

उनका अनुसार उजुरी र प्राविधिक प्रतिवेदनका आधारमा मुद्धादायर गरिएको हो । जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकले समेत उजुरीका आधारमा अनुसन्धान अघि बढाइएको जनाएको छ । स्थानीयबासीले भने जिल्लाका अन्य खानी तथा क्रसर उद्योगहरुले पनि सार्वजनिक जग्गा र वनक्षेत्र अतिक्रमण गरिरहेको र त्यकासको छानविन हुनुपर्नेमा आपसी मिलेमतो भएको आरोप लगाएका छन् ।


अतिक्रमित वनक्षेत्र ३.४ हेक्टरमा सञ्चालन गरिएको खानी र क्रसरबाट मेसिन, ट्रिपर बाप्र ०३-००१ क १४४०, ट्रिपर बाप्र ०३-००१ क १४३९, हवील लोडर बाप्र ०१-००४ क ५१५३, कोमात्सु स्काभेटर बाप्र ०१-००४ क ४४६०, जेसीबी स्काभेटर बाप्र ०१-००४ क ४३२०, कोमात्सु स्काभेटर बाप्र ०१-००४ क ५१२१, ट्रिपरवाला ट्यांकर ६ चक्के बा. ३ क ९२३ आवश्यक अनुसन्धानका लागि नियन्त्रणमा लिइएको छ ।








## आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ । स्थान: रातोमाटे भोर्ले ।
**सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७**

# आर्थिक गतिविधिमा बागमती प्रदेशको दबदबा

सन्देश संवाददाता

काठमाडौं/अर्थमन्त्री स्वर्णिम वाग्लेले संघीय संसद्मा चालु आर्थिक वर्ष २०८२/०८३ को आर्थिक सर्वेक्षण प्रस्तुत गरेका छन्। बुधबार संघीय संसद्मा आर्थिक सर्वेक्षण प्रस्तुत गर्दै अर्थमन्त्री वाग्लेले विश्व अर्थतन्त्रमा देखिएको अनिश्चितता र क्षेत्रीय द्वन्द्वका बाबजुद् नेपालको समष्टीगत् आर्थिक सूचकहरुमा सुधार देखिएको र सामाजिक क्षेत्रमा सन्तोषजनक प्रगति भएको बताए।



उनले प्रस्तुत गरेको आर्थिक सर्वेक्षणअनुसार चालु आर्थिक वर्षमा नेपालको अर्थतन्त्र ३.८५ प्रतिशत् विस्तार हुने अनुमान गरिएको छ। विश्व अर्थतन्त्र ३.१ प्रतिशत्मा खुम्चने प्रक्षेपण भइरहेका बेला नेपालको यस वृद्धि दरलाई सकारात्मक मानिएको छ। मुलुकको अर्थतन्त्रको कुल आकार ६६ खर्ब पुग्ने र नेपालीको प्रतिव्यक्ति कुल राष्ट्रिय आय १ हजार ५ सय ३५ अमेरिकी डलर पुग्ने प्रक्षेपण गरिएको छ।

प्रदेशगत्रुपमा बागमती र गण्डकी प्रदेशको वृद्धिदर राष्ट्रिय औसतभन्दा माथि रहे पनि अन्य प्रदेशको वृद्धिदर भने औसतभन्दा न्यून रहने देखिएको छ। अर्थमन्त्रीले पेश गरेको सर्वेक्षणअनुसार कुल गार्हस्थ्य उत्पादनमा कृषिक्षेत्रको योगदान २४ प्रतिशत् र गैरकृषि क्षेत्रको ७६ प्रतिशत् रहने अनुमान छ। आर्थिक गतिविधिमा बागमती प्रदेशको दबदबा कायम छ, जसले कुल गार्हस्थ्य उत्पादनमा ३६.७ प्रतिशत् योगदान पुऱ्याएको छ। यद्यपि, प्रमुख खाद्यान्न बाली धानको उत्पादनमा भने ४.२० प्रतिशत् संकुचन आइ ५७ लाख ५ हजार मेट्रिकटनमा सीमित भएको सर्वेक्षणले देखाएको छ। अर्थमन्त्री वाग्लेले आर्थिक सर्वेक्षण पेश गर्दै चालु आर्थिक वर्षको फागुनसम्म संघीय राजस्व ३.२ प्रतिशत् वृद्धि भएको जानकारी दिए।

उनका अनुसार सरकारी खर्च १०.४ प्रतिशत् बढे पनि पुँजीगत् खर्च (विकास खर्च) मा भने उल्लेख्य सुधार हुन सकेको छैन। सरकारको कुल सार्वजनिक ऋण २८ खर्ब ७८ अर्ब पुगेको छ, जुन कुल गार्हस्थ्य उत्पादनको ४३.६ प्रतिशत् हो। यसै वर्ष सरकारले ३ खर्ब सार्वजनिक ऋण परिचालन गरेको छ। वाग्लेले सर्वेक्षण पेश गर्दै देशको वाह्य क्षेत्र निकै बलियो देखिएको बताएका छन्। उनका अनुसार विप्रेषण आप्रवाह (रेमिट्यान्स) ३७.७ प्रतिशत् बढेर १४ खर्ब ५० अर्ब पुगेको छ। विदेशी विनिमय सञ्चिति ३४ खर्ब १४ अर्ब पुग्दै ऐतिहासिक उचाईमा पुगेको छ, जुन १८.५ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ।

यद्यपि, व्यापार घाटा ११.२ प्रतिशत् बढेर १० खर्ब ९८ अर्ब पुग्नु अर्थतन्त्रका लागि चुनौती बनेको छ। आर्थिक सर्वेक्षणअनुसार प्रविधिमैत्री भुक्तानीमा उल्लेख्य प्रगति भएको छ। फागुन महिनासम्म क्युआर कोडमार्फत् हुने कारोबार १ खर्ब २५ अर्ब नाघेको छ।

सन् २०२५ को सार्वभौम क्रेडिट रेटिङमा नेपालले बीबी स्टेबल आउटलुक प्राप्त गरेको छ, जसले अन्तर्राष्ट्रियस्तरमा नेपालको साख सुध्रिएको संकेत गर्छ। मुद्रास्फीति (महंगी) भने नियन्त्रणमै रहेको छ, जुन औसत २.१३ प्रतिशत् छ। मानवविकास सूचकहरुमा नेपालले प्रगति गरेको छ।

मानवविकास सूचकांक ०.६२२ र नेपालीको औसत आयु ७१.३ वर्ष पुगेको छ। स्वास्थ्य क्षेत्रमा मातृ मृत्युदर प्रतिलाख १ सय ५१ र ५ वर्षमुनिको बाल मृत्युदर प्रतिहजार ३३ मा झरेको छ। शिक्षातर्फ आधारभुत तहको खुद भर्ना दर ९७.८ प्रतिशत् पुगेको छ भने स्वास्थ्य बीमा र सामाजिक सुरक्षा कोषमा नागरिकको आबद्धता बढ्दो क्रममा रहेको आर्थिक सर्वेक्षणमा उल्लेख गरिएको छ। विद्युत्को खपत बढेसँगै पेट्रोलियम पदार्थको खपत क्रमशः घट्दै गएको पाइएको छ। देशभरका झण्डै ९९ दशमलव एक प्रतिशत् जनसंख्यामा विद्युत् पहुँच पुगेको छ। सहरी क्षेत्रमा विद्युत् खपत क्रमशः बढ्दै गएको छ। सहरी क्षेत्रमा विद्युतीय चुल्होको प्रयोग बढ्दै जाँदा खाना पकाउने ग्यासको खपत क्रमशः घट्दै गएको छ।

आर्थिक सर्वेक्षणअनुसार चालु आवको फागुन मसान्तसम्म पेट्रोल र डिजेलको खपत गत आवको सोही अवधिको तुलनामा क्रमशः १० प्रतिशत् र नौं दशमलव नौं प्रतिशत् घटेको छ। विद्युतीय खपत बढ्दै जाँदा पेट्रोलियम पदार्थको आयात घट्दै जाने देखिन्छ। आर्थिक सर्वेक्षणअनुसार कर्णाली प्रदेशका केही गाउँपालिका र सुदूरपश्चिम प्रदेशको केही गाउँपालिकाबाहेक अन्य स्थानमा विद्युतीय पहुँच पुगेको छ। विद्युतीय पहुँच पुगेको स्थानमा गुणस्तरीय र भरपर्दो विद्युत् सेवा उपलब्ध गराउनुपर्ने चुनौती कायम छ।

त्यसका लागि सरकारले प्रयास गरिरहेको छ। एकाध वर्षभित्र शत्प्रतिशत् घरधुरीमा विद्युत् सेवा पुऱ्याउने र थप गुणस्तरीय बनाउने सरकारको प्रयासलाई सरोकारवाला निकायले पनि साथ र सहयोग प्रदान गरेका छन्। फागुन मसान्तसम्म मुलुकको कुल विद्युत्जडित क्षमता चार हजार १ सय ५ मेगावाट् बराबर पुगेको छ। त्यसमा जलविद्युत्को जडित क्षमता तीन हजार ७ सय ९८ मेगावाट् बराबर छ। चालु आवमा भारततर्फ दुई हजार ९ सय १८ गिगावाट् घण्टा बराबर को विद्युत् निर्यात भएको छ।

आधारभुत खानेपानीको पहुँच ९७ प्रतिशत् जनसंख्यामा पुगेको भए पनि सुरक्षित खानेपानीको पहुँच २९ प्रतिशत्मा मात्र सीमित छ। स्वास्थ्य बीमा कार्यक्रम सबै स्थानीय तहमा विस्तार भएको छ। योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा २८ लाख ५० हजार श्रमिक सूचीकृत भएका छन्। त्यसमध्ये वैदेशिक रोजगारीमा जानेको हिस्सा ७५ दशमलव नौं प्रतिशत् बराबर छ। मुलुकमा गरिबी दर घटेको छ भने मान्छेहरुको बाँच्ने आयु बढेको छ। आर्थिक सर्वेक्षणअनुसार नेपालमा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या घटेर २०.२७ प्रतिशत्मा पुगेको छ। बहुआयामिक गरिबी पनि घटेर १७.४ प्रतिशत्मा सीमित भएको छ। स्वास्थ्य सेवामा सुधारसँगै नेपालीहरुको औसत आयु ७१.३ वर्ष पुगेको छ।

अर्थमन्त्री वाग्लेले प्रस्तुत गरेको सर्वेक्षणले शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, ऊर्जा, बैंकिङ तथा पूर्वाधार क्षेत्रमा सुधार देखिए पनि कृषिक्षेत्रमा भने सुस्तता आएको देखाएको छ। कुल गार्हस्थ उत्पादन (जीडीपी) मा गैरकृषि क्षेत्रको योगदान बढ्दै जाँदा कृषिक्षेत्रको योगदान घट्दै गएको सर्वेक्षणले देखाएको छ। विशेषगरि धान रोप्ने समयमा परेको खडेरी र भित्र्याउने बेलाको अत्यधिक वर्षाका कारण कृषि उत्पादन प्रभावित भएको उल्लेख गरिएको छ। चालु आर्थिक वर्षमा कृषिक्षेत्रको मूल्य अभिवृद्धि वृद्धिदर १.५८ प्रतिशत्मा सीमित हुने अनुमान गरिएको छ।

गत वर्ष यस्तो वृद्धिदर ३.०५ प्रतिशत् थियो। मुख्य खाद्यान्न बाली धानको उत्पादन यस वर्ष ४.१६ प्रतिशत् घट्ने प्रक्षेपण गरिएको छ। तराई क्षेत्रमा रोपाइँका बेला परेको खडेरी र भित्र्याउने समयमा भएको अत्यधिक वर्षाले उत्पादनमा नकारात्मक असर परेको सर्वेक्षणमा उल्लेख छ। सर्वेक्षणअनुसार १५ देखि २४ वर्ष उमेर समूहका युवाको साक्षरता दर ९४.२ प्रतिशत् पुगेको छ भने माध्यमिक तहको खुद भर्ना दर ५१.६ प्रतिशत् छ। सार्वजनिक संस्थानतर्फ आर्थिक वर्ष २०८१/०८२ सम्म सञ्चालनमा रहेका ४५ संस्थानमध्ये २७ वटामात्र नाफामा छन्। १६ वटा संस्थान घाटामा छन् भने २ वटा बन्द अवस्थामा छन्। गत वर्ष २८ वटा संस्थान नाफामा थिए। सरकारको सार्वजनिक संस्थानमा कुल लगानी ७ खर्ब ९८ अर्ब ५६ करोड पुगेको छ। यसमध्ये ३ खर्ब ७० अर्ब २५ करोड सेयर लगानी र ४ खर्ब २८ अर्ब ३१ करोड ऋण लगानी छ। आर्थिक सर्वेक्षणअनुसार सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने लाभग्राहीको संख्या ३६ लाख ४१ हजार पुगेको छ भने योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा २८ लाख ५० हजार श्रमिक आबद्ध छन्। वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिने नेपालीको संख्या ६९ लाख नाघेको छ।

चालु वर्षमा मात्र २ लाख ७३ हजारले नयाँ श्रम स्वीकृति लिएका छन् भने २ लाख ५१ हजार ले पुनः श्रम स्वीकृति लिएका छन्। मातृ मृत्युदर घटेर प्रतिलाख जीवित जन्ममा १ सय ५१ मा झरेको छ भने बाल मृत्युदर ३१ छ। २१ लाख ४८ हजार नागरिक स्वास्थ्य बीमामा आबद्ध भएका छन्। सरकारी अस्पतालको संख्या ८ हजार ९ सय ७६ पुगेको छ।

देशभर सडकसञ्जाल १ लाख ४ हजार ९ सय ६ किलोमिटर पुगेको छ। टेलिफोन घनत्व १०३.२ प्रतिशत् र इन्टरनेट पहुँच १४५.७ प्रतिशत् पुगेको छ। ऊर्जाक्षेत्रमा ९९.१ प्रतिशत् जनसंख्यामा विद्युत् पहुँच पुगेको छ। उद्योग विभाग र लगानी बोर्डमार्फत् चालु वर्षमा ४ खर्ब ९२ अर्ब बराबर लगानी स्वीकृत भएको छ।

सन् २०२५ मा ११ लाख ६२ हजार पर्यटक नेपाल भित्रिने र उनीहरुको औसत बसाइ १६.३४ दिन पुग्ने अनुमान गरिएको छ। फागुनसम्म बैंक तथा वित्तीय संस्थामा ६ करोड २० लाख निक्षेप खाता र २० लाख ४० हजार कर्जा खाता पुगेका छन्।

मोबाइल बैंकिङ प्रयोगकर्ता करिब ३ करोड पुगेका छन्। निक्षेप ६.६४ प्रतिशत् बढ्दा निजीक्षेत्रतर्फको कर्जा ४.४ प्रतिशत् वृद्धि भएको छ। बैंकहरुको निष्क्रिय कर्जा अनुपात ५.४२ प्रतिशत् पुगेको छ। नेप्से परिसूचक २८२०.४५ विन्दुमा पुगेको छ भने कुल बजार पुँजीकरण ४७ खर्ब ४४ अर्ब पुगेको छ। डिम्याट खाता खोल्नेको संख्या ७६ लाख ३९ हजार पुगेको छ, जुन कुल जनसंख्याको २६ प्रतिशत् हो।

# यस वर्ष नपुग्ने भयो रासायनिक मल

सन्देश संवाददाता



काठमाडौं/साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडका नायव प्रमुख कार्यकारी अधिकृत कुमार राजभण्डारीले साल्ट ट्रेडिङसँग ३९ हजार मेट्रिकटन मात्र मल मौज्दात रहेको बताएका छन्। बुधबार बसेको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको बैठकमा उनले चालु आर्थिक वर्षमा अन्तर्राष्ट्रिय क्षेत्रमा देखिएको संकट, बजेट अभाव र बन्दरगाह क्षमताको समस्याका कारण पर्याप्त मल आयात गर्न नसकिएको बताएका हुन्।

उनले कम्पनीले चालु आर्थिक वर्षमा करिब १ लाख २६ हजार मेट्रिकटन रासायनिक मल बिक्री गरेको जानकारी दिए। हाल साल्ट ट्रेडिङसँग करिब ३९ हजार मेट्रिकटन मल मौज्दात रहेको र आगामी दिनमा पनि आपूर्ति निरन्तर राख्ने तयारी भइरहेको बताए। उनले कृषि मन्त्रालयले हरेक वर्ष पुस महिनामा आगामी वर्षको मल खरिद कार्यक्रम र टेण्डर प्रक्रिया शुरु गर्ने गरे पनि बजेट आधारमा विनियोजन हुँदा समस्या भएको बताए।

उनका अनुसार सरकारले २० अर्ब वा २८ अर्ब भनेर रकम तोक्छ। तर, अन्तर्राष्ट्रिय बजार मूल्यअनुसार आउने मलको परिमाण घटबढ हुनसक्छ। सरकारले ५ लाखदेखि ६ लाख टन मल आपूर्तिको लक्ष्यसहित बजेट व्यवस्था गरे मल व्यवस्थापन सहज हुने उनको भनाइ छ। उनले आर्थिक वर्ष २०८३/०८४ का लागि कृषि मन्त्रालयले करिब २० अर्ब बराबरको कार्यक्रमअन्तर्गत् ९५ हजार मेट्रिकटन मल खरिद प्रक्रिया अघि बढाइसकेको जानकारी दिए।

यसअन्तर्गत् ३० हजार टन डीएपीको टेन्डर गरि खरिद सम्झौता भइसकेको छ भने ३० हजार टन युरियाको टेण्डर प्रक्रिया अगाडि बढाइएको उनले जानकारी दिए। उनले थप ३० हजार टन मलका लागि प्राविधिक प्रस्ताव खोलिएको र केही दिनमा मूल्य प्रस्ताव खोलिने बताए। एमओपी (पोटास) तर्फ ५ हजार टनको टेण्डर प्रक्रिया पूरा भइसकेको उनको भनाइ छ। त्यसमध्ये २ हजार ५ सय टन नेपाल आइसकेको र बाँकी २ हजार ५ सय टन ढुवानी प्रक्रियामा रहेको जानकारी उनले दिए।

उनका अनुसार आगामी असार मसान्तसम्म ३० हजार टन युरिया नेपाल आइपुग्ने मौखिक आश्वासन आपूर्तिकर्ताबाट प्राप्त भएको छ। उक्त मल समयमै आइपुगे हाल मौज्दातमा रहेको ३९ हजार टनसँगै करिब ७० हजार मेट्रिकटन मल बजारमा पठाउन सकिने अवस्था बन्ने उनले बताए। उनले मल आयातमा सबभन्दा ठूलो चुनौती कोलकाता बन्दरगाहको सीमित क्षमता भएको बताए। नेपालले ६ लाखदेखि ८ लाख टन मल ल्याउने योजना बनाए पनि कोलकाता पोर्टले त्यति परिमाण धान्न नसक्ने उनको भनाइ छ। उनले वैकल्पिक बन्दरगाह प्रयोगका लागि नेपाल र भारत सरकारबीच ठोस सहमति हुन नसकेको बताए। विशाखापट्नम (भाइजाग) बन्दरगाह प्रयोग गर्नसमेत भारतीय कम्पनीमार्फत्मात्र सम्भव हुने र त्यसका लागि पुनः निर्यात अनुमति आवश्यक पर्ने अवस्था रहेको उनले बताए। उनका अनुसार विगत केही वर्षको तथ्यांक हेर्दा मल आपूर्ति क्रमशः सुधारोन्मुख अवस्थामा छ। किसानले मागेजति मल पाउने अवस्था पूर्णरुपमा नबने पनि मल नपाएको अवस्था नरहेको उनको दाबी छ।

# संवेदनशील क्षेत्रको सुरक्षामा सेना उदासिन

सन्देश संवाददाता

काठमाडौं/भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनमा नेपाली सेनाको भूमिकाबारे उजागर गरेका तथ्यहरु राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनबाट पुष्टि भएको छ। जेनजी आन्दोलनपछि निरन्तर सेनाको शंकास्पद् र जिम्मेवारीहीन भूमिकाबारे तथ्यसहित समाचार प्रकाशित भएका छन्।

आयोगले बुधबार सार्वजनिक गरेको प्रतिवेशको सारांशमा राष्ट्रिय



सुरक्षामा नेपाली सेनाले कायम गर्नुपर्ने भए पनि गर्न नसकेको निष्कर्ष निकाल्दै प्रधानसेनापतिलाई निर्देशन दिन सिफारिस गरेको छ।

आयोगको संक्षिप्त प्रतिवेदनमा 'भाद्र २४ गते आन्दोलनकारीले संघीय संसद् भवन, सिंहदरबार र राष्ट्रपति निवास जस्ता संवेदनशील क्षेत्रमा तोडफोड र आगजनी गर्दा समेत त्यहाँ सुरक्षाका लागि खटिएको सेनाले रोक्न कुनै प्रयास नगरेको र मुकदर्शक बनेको' उल्लेख छ।

नेपालको संविधानअनुसार राष्ट्रिय सुरक्षा परिषद्ले समग्र राष्ट्रिय हित, सुरक्षा र प्रतिरक्षाका लागि नेपाली सेनाको परिचालन र नियन्त्रणका लागि मन्त्रिपरिषद्लाई सिफारिस गर्ने व्यवस्था भएको र सैनिक ऐनमा पनि मन्त्रिपरिषद् निर्णयबाट मात्र सेना परिचालन हुने स्पष्ट व्यवस्था छ।

तर, आवश्यक वस्तु संरक्षण ऐनमा उल्लेख भएअनुसार चोरी वा नोक्सानी गर्ने व्यक्तिलाई पक्राउ गर्दा बल प्रयोग गर्नुपर्ने अवस्था आएमा नेपाली सेनाका अधिकृतले गोली हानी पक्राउ गर्ने आदेश दिन सक्ने प्रावधान रहेको तर भाद्र २३ गतेको प्रदर्शन नियन्त्रणबाहिर गएपछि काठमाडौंका प्रजिअले सेनाको सहयोग माग गरे पनि व्यवहारिकरुपमा सहयोग प्राप्त नभएको प्रतिवेदनमा उल्लेख छ।

आयोगको अनुसन्धान समितिले प्रधानसेनापतिलगायतलाई

# जनप्रतिनिधि सडकमा

सन्देश संवाददाता

महोत्तरी/महोत्तरीको उत्तरी क्षेत्र कालापानीमा अव्यवस्थित बसोबासीहरुलाई हटाउन वनका कर्मचारीहरु पुगेपछि स्थानीयले प्रदर्शन गरेका छन्।

बर्दिवास नगरपालिकाको वडा-३ मा पर्ने कालापानीमा जनप्रतिनिधिहरुकै नेतृत्वमा सोमबार बेलुकादेखि प्रदर्शन भएको हो। प्रदर्शनका क्रममा स्थानीयले वन कार्यालयको गाडीमा आगजनीसमेत गरेका छन् भने वीपी राजमार्ग भएर आवतजावत गर्ने सवारीसाधन ठप्प पारिएको छ।

वीपी राजमार्गअन्तर्गत् सडकको माथिल्लो क्षेत्रमा बसोबास गर्ने स्थानीयलाई वनको नक्सा देखाउँदै कर्मचारीहरुले सोमबार दिउँसो उक्त ठाउँ खाली गर्न निर्देशन दिएका थिए।

५ दशकदेखि बसोबास गर्दै आएको भन्दै स्थानीयले अचानक बस्ती खाली गराउने निर्णय न्यायसंगत नभएको र सरकारको उक्त निर्णय तत्काल फिर्ता लिनुपर्ने अडान राखेका छन्।

'स्थानीय सरकारले लगत संकलन गरेर प्रमाणीकरण गरि सकेको ठाउँ हो,' स्थानीय युवा नेता गणेश बस्नेतले भने-राज्य यति धेरै संवेदनहीन बन्नु हुँदैन।

नत्र यसको मूल्य सरकार स्वयम्ले चुकाउनुपर्छ। वन कार्यालयले वनक्षेत्र खाली गर्ने दाबी गरे पनि राज्यले परिभाषित गरेको अव्यवस्थित बसोबासीका रुपमा उनीहरु वैधानिक रहेको वडा अध्यक्ष विराट बिष्टको भनाइ छ।

ऐनमा २०६६ माघदेखि आमोदकमोद गर्दै आएको जमिन वनक्षेत्र जनिए पनि अव्यवस्थित बसोबासी नै हुने उल्लेख गरिएको उनले बताए।

# विश्वमा नेपाली छोरीले लेखिन् देशको नाम

सन्देश संवाददाता

काठमाडौं/संसार तीव्रगतिमा प्रविधितर्फ अघि बढिरहेका बेला नेपाली मूलकी एक किशोरीले आफ्नो प्रतिभा, अथक् मेहनत र अदम्य आत्मविश्वासको बलमा विश्वमञ्चमै नेपालको नाम गर्वसाथ उच्चारण गराएकी छन्। अमेरिकामा जन्मिएकी दोस्रो पुस्ताकी नेपाली छात्रा एञ्जल भण्डारीले प्रतिष्ठित विश्व रोबोटिक्स प्रतियोगिता जित्दै विश्वविजेताको गौरव हासिल गरेकी हुन्।



यो सफलता केवल एउटा प्रतियोगिताको जितमात्र होइन, प्रवासमा हुर्किएर पनि आफ्नो नेपाली पहिचान, संस्कार र सपनालाई साथमै बोकेर विश्वस्तरमा चम्कन सकिने सशक्त उदाहरणसमेत हो। एञ्जलको उपलब्धिले विश्वभर फैलिएका नेपाली समुदायको शिर गर्वले उँचो बनाएको छ। अमेरिकाको नेब्रास्का राज्यस्थित ब्राउनेल टलबोट विद्यालयमा अध्ययनरत् एञ्जलले नेतृत्व गरेको टोलीले अप्रिल २२ देखि २५ सम्म सेन्ट लुइसमा सम्पन्न विश्वस्तरीय प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्दै ऐतिहासिक उपाधि जितेको हो।

विश्वभरबाट ७ हजारभन्दा बढी टोली सहभागी भएको प्रतियोगितामध्ये ४० भन्दा बढी देशका करिब ९ सय उत्कृष्ट टोलीमात्र अन्तिम चरणका लागि छनौट भएका थिए। त्यही कठिन प्रतिस्पर्धाबीच एञ्जलको टोलीले अपराजित २३-० को अविश्वसनीय प्रदर्शन गर्दै विश्व कीर्तिमानसहित उपाधि उचाल्न सफल भयो। यस विजयको अर्को विशेषता के थियो भने टोलीका विद्यार्थीहरुले रोबोटको सम्पूर्ण रुपरेखा, निर्माण, कम्प्युटर प्रणालीमार्फत् सञ्चालन, परीक्षणदेखि सञ्चालन सम्मका सबै काम आफैं गरेका थिए।

आधुनिक प्रविधिको जटिल संसारमा किशोर-किशोरीहरुले आफ्नै सिर्जनात्मक क्षमता र सामूहिक मेहनतले हासिल गरेको उपलब्धि विश्वभर चर्चाको विषय बनेको छ। छ सदस्यीय टोलीमा एञ्जलले संयोजक, रणनीतिकार तथा सञ्चालन नेतृत्वकर्ताको भूमिका निर्वाह गरेकी थिइन्। उनले प्राविधिक सदस्यहरुबीच समन्वय कायम गर्नुका साथै रणनीतिक योजना निर्माण, तथ्यांक विश्लेषण, इञ्जिनियरिङसम्बन्धि अभिलेख तयारी तथा निर्णायकसमक्ष प्रभावशाली प्रस्तुतिकरणको नेतृत्वसमेत गरेकी थिइन्।

उनको आत्मविश्वास, नेतृत्व क्षमता र सूक्ष्म विश्लेषण गर्ने शैलीले टोलीलाई केवल विजयीमात्र बनाएन, विश्व रोबोटिक्स क्षेत्रमा उदाहरणीय टोलीका रुपमा स्थापित गरायो। एञ्जलको प्रतिभा रोबोटिक्समा मात्र सीमित छैन। उनी अन्तर्राष्ट्रिय व्यापार योजना प्रस्तुतिकरण प्रतियोगितामा पनि १० हजारभन्दा बढी प्रतिस्पर्धीबीच अन्तिम चरणसम्म पुग्न सफल भएकी छन्। विज्ञान र प्रविधिसँगै नेतृत्व तथा व्यावसायिक सोचमा समेत अब्बल देखिएकी एञ्जल अब न्युयोर्कस्थित फोर्डहम विश्वविद्यालयमा विश्वव्यापी व्यापार तथा वित्त विषय अध्ययन गर्ने तयारीमा छन्।

एञ्जलको सफलतापछाडि उनको परिवारको संघर्ष, मेहनत र दुरदृष्टिको कथा पनि उत्तिकै प्रेरणादायी छ। संखुवासभाको चैनपुर बाट अमेरिका पुगेका उनका पिता ज्ञानेन्द्र भण्डारी अमेरिकास्थित नेपाली समुदायमा परिचित सामाजिक अभियन्ता हुन्। उनी नेब्रास्काको नेपाली समाजका संस्थापक तथा पूर्वअध्यक्षसमेत हुन्। प्रवासमा रहेका नेपालीहरुलाई एकताबद्ध बनाउन उनले लामो समयदेखि महत्वपूर्ण भूमिका खेल्दै आएका छन्। नेपालमा कानुन विषयमा स्नातक तह पूरा गरेपछि उनी सन् १९९५ मा उच्चशिक्षाका लागि अमेरिका पुगेका थिए। अमेरिकामा उनले कम्प्युटर सञ्जाल इञ्जिनियरिङ विषयसमेत अध्ययन गरेका थिए।

एञ्जलकी आमा स्मृति राना भण्डारीसँग मिलेर उनले सन् २००४ देखि नेपाली तथा भारतीय परिकार सम्बन्धि रेष्टुराँ सञ्चालन गर्दै आएका छन्। अमेरिकामा लोकप्रिय उक्त ष्टुराँमा विश्वप्रसिद्ध लगानीकर्ता वारेन बफेटलगायत चर्चित व्यक्तित्वहरु नियमित ग्राहकका रुपमा पुग्ने गरेका छन्। एञ्जल भण्डारीको सफलता केवल व्यक्तिगत् उपलब्धि होइन, संसारभर छरिएर रहेका नेपाली मूलका युवापुस्ताका लागि प्रेरणाको उज्यालो दीपसमेत बनेको छ। प्रवासको भूमिमा जन्मिएर पनि नेपाली पहिचानलाई हृदयमा बोकेकी एक छोरीले विश्वमञ्चमा नेपालको नाम सुनौलो अक्षरमा लेखिदिएकी छन्।

# एसईईमा उत्कृष्ट अंक ल्याउने विद्यार्थी सम्मानित

हेटौंडा/हेटौंडा उपमहानगर पालिका १८ नं. वडा कार्यालयले २०८२ सालको एसईईमा उत्कृष्ट अंक ल्याउने वडाभित्रका विद्यार्थीहरुलाई नगदसहित सम्मान गरेको छ। बुधवार वडाको शिक्षा समितिद्धारा आयोजित कार्यक्रममा दुई सामुदायिक विद्यालय र एक नीजि विद्यालयका गरी जम्मा २४ जना विद्यार्थीहरुलाई नगदसहित सम्मान गरिएको हो।



एसईईमा ए प्लस ग्रेड ल्याउने विद्यार्थीहरुमध्ये ज्योति माविका प्रतिष्ठा श्रेष्ठ, निर्जन दुलाल, युनिषा खड्का, र शुभम दाहाल, गोरक्षनाथ माविका अमृत पौडेल, मकवानपुर बाल विद्या सदनका आयुष गोपाली,अंकिता गिरी, प्रिन्शा कार्की र पुनम थापालाई जनही ५/५ हजार नगदसहित प्रमाणपत्रद्धारा सम्मान गरिएको हो।

यसैगरी ए ग्रेड प्राप्त गर्ने विद्यार्थीहरुमध्ये ज्योति माविका बुनिका पाखिन, संयोगी भुलुन, रोहित घर्तिमगर, जिसिका पौडेल, रिजन भण्डारी र जुनु के.सी., गोरक्षनाथ माविका सुदिप तामाङ र मकवानपुर बाल विद्या सदनका अविरल गोले, एलिसा बानियाँ, प्रिन्स राउत,पुष्प न्यौपाने, रिजु कार्की, तेज बहादुर विश्वकर्मा र आरुष महत जनही ३ हजार ५ सय नगदसहित प्रमाणपत्रद्धारा सम्मानित भएका हुन्।

वडा नं. १८ ले यसवर्षको एसईई परीक्षामा आ-आफ्नो विषयमा शतप्रतिशत नतिजा ल्याउन सफल विषयगत शिक्षकहरुलाई पनि नगदसहित सम्मान गरिएको छ। सम्मानित हुने शिक्षकहरुमा ज्योति माविका रत्नलाल कंडेल (नेपाली), जानकी तिमल्सिना (कम्प्युटर), रेखाचन्द शर्मा साह (अंग्रेजी) यसैगरी गोरक्षनाथ माविका मिना श्रेष्ठ थापा(सामाजिक), सन्तोष साह कानु (ऐ.गणित), मकवानपुर बाल विद्या सदनबाट र वि वर्नबाल (विज्ञान),गोपाल घिमिरे (गणित),सिर्जना थापा मगर(अंग्रेजी र वातावरण विज्ञान), सरोज दाहाल(नेपाली) र छविलाल श्रेष्ठ(सामाजिक) लाई पनि नगदसहित सम्मान गरिएको हो।

सम्मान कार्यक्रममा बोल्दै प्रमुख अतिथि एवं १८ नम्बरका वडा अध्यक्ष अनिल कुमार बानियाँले ज्योति माविमा शैक्षिक सत्र २०८३ को कक्षा ११ मा जुनसुकै विषय लिएर पढ्न चाहने विद्यार्थीहरुलाई कार्यालयले निशुल्क पठनपाठनको व्यवस्था गरिने बताए। उनले एसईईमा गतवर्षको तुलनामा यसवर्ष केहि प्रगति भएको र आगामी दिनहरुमा अझै शतप्रतिशत नजिता हासिल गर्नको लागि सबै पक्षले आजैबाट भरपुर तयारी गर्नतर्फ लाग्न सुझाबसमेत दिए।

यसवर्ष ज्योति माविबाट ६२ जना, गोरक्षनाथ माविबाट १५ जना र मकवानपुर बाल बिद्या सदनबाट १७ जना गरी जम्मा ९४ जना विद्यार्थीहरु एसईईमा सहभागी भएका थिए। जसमा ज्योतिबाट ६६.१३, गोरक्षनाथबाट ४६.६७ र मकवानपुर बाल विद्याबाट ९४.१२ प्रतिशत विद्यार्थी उत्तिर्ण भएका हुन्।

कार्यक्रममा बोल्दै मकवानपुर बाल विद्या सदनका प्रधानाध्यापक सुदिपराज गिरीले गतवर्ष सानो हलमा कार्यक्रम भएकोमा आज ठूलो हलभित्र सम्मान कार्यक्रम गरिनु हामी सबैको लागि गौरबको विषय भएको बताए।

कार्यक्रमको अध्यक्ष एवं वडा सदस्य योगराज खतिवडाले यसै वडामा उपलब्ध कक्षा ११ को विषय अन्य कलेजमा गएर अध्ययन गर्ने विद्यार्थीहरुलाई अध्ययनको सिफारिस तथा निःशुल्क बस सेवा उपलब्ध नगराईने जानकारी दिए। उनले निशुल्क अध्ययनका लागि वडाबाट सहयोग गरिने भएकाले सकेसम्म यहि नै अध्ययन गर्न विद्यार्थीहरुलाई आग्रह गरे।

हेटौंडा उपमहानगरपालिका १८ नं. वडा कार्यालयको शिक्षा समितिले हरेक वर्ष एसईईमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई नगदसहित सम्मान गर्दै आईरहेको जानकारी गराएको छ। कार्यक्रममा शिक्षा समितिका सदस्यहरु, विद्यालयका शिक्षक, सम्मानित हुने विद्यार्थीका अभिभावक लगायतको सहभागिता रहेको थियो।

**आकर्षक घडेरी बिक्रीमा**

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिव २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ। ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला। आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ।

**सम्पर्क नम्बर : ९८४५१२३३६६**

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं।

सदाझैं यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं।




प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने